# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

नेपाल सरकारले अपांङ्ग संरक्षण तथा कल्याण ऐन को दफा ३ को उपदफा १ को प्रयोजनका लागि सोही दफा को उपदफा २ बमोजिम गठित समितिको सिफारिस बमोजिम अपांङ्गताको परिभाषा तथा अपांगङ्गपन निर्धारण सम्बन्धमा देहाय बमोजिमको मापदण्ड तोकेको छ । शरिरका अङ्गहरु र शारीरिक प्रणालीमा भएको समस्याका कारण भौतिक, सामाजिक, सांस्कृतिक वातावरणका साथै सञ्चार समेत बाट सजिना भएको अवरोध समेतले दैनिक क्रियाकलाप सामान्यरुपमा सञ्चालन गर्न एवं सामाजिक जीवनमा पूर्ण सहभागिता हुन कठिनाइ हुने अवस्थालाई अपांगता भनिन्छ । शारीरिक अंगहरु र शारीरकि प्रणालीमा भएको समस्या एवं कठिनाइका प्रकृति अनुसार अपांगतालाई निम्नबमोजिम सात प्रकारमा वर्गिकरण गरिएको छ । शारीरिक अपांगता, दृष्टिसम्बन्धी अपांगता, सुनाइ सम्बन्धी अपांगता, श्रवण दृष्टिविहिन अपांगता, स्वर बोलाई सम्बन्धी अपांगता, मानसिक अपांगता, बौद्धिक अपांगता जसलाई सुस्त मनःस्थिति भएका व्यक्तिहरु पनि भन्ने गरिन्छ । अपाङ्गगता भएका व्यक्तिको परिचयपत्र वितरण सम्बन्धी निर्देशिका २०६५ मा अपांगता भएका व्यक्तिहरुको अशक्तताको गम्भीरतालाई आधार मानेर अपांगतालाई ४ वटा वर्गमा वर्गिकरण गरि निजलाई उपयुक्त ठहर गरिएको परिचय पत्र प्रदान गर्ने व्यवस्था रहेको छ (वास्तोला, २०७०) ।

१. पूर्ण अपांगताः व्यक्तिको शारीरिक वा मानसिक प्रणालीमा भएको कार्यगत विचलनका कारण अरुको सहारा लिएर पनि दैनिक जविन सम्पादन गर्न नसक्ने अवस्थाका व्यक्तिहरु, तीव्र बौद्धिक अपांगता भएका व्यक्तिहरु, पूर्ण रुपमा श्रवण दृष्टिविहिन व्यक्तिहरु तथा  आफै हलचल गर्न नसक्ने गरी पूर्ण रुपमा अशक्त भएका अपांगता भएका व्यक्तिहरु लाई क वर्गको परिचयपत्र वितरण गरिन्छ । उक्त परिचयपत्र रातो रंगमा सुनौला अक्षरले स्पष्ट सँग लेखिएको हुन्छ ।

२. अति अशक्त अपांगता : निरन्तर अरुको सहयोग लिएरमात्र दैनिक जीवन सम्पादन गर्न, आवागमन गर्न, सञ्चार गर्न लेखपढ गर्न सक्षम हुने व्यक्तिहरु, पोलियो वा अन्य कारणले

शरीरको तल्लो भाग पूर्ण सक्रिय नभई वा मेरुदण्डमा चोट वा पक्षाघात भई वा मांशपेसी विचलन भई वा मस्तिष्क पक्षाघात भई कम्मर भन्दा मुनिको भाग क्रियाशील हुन नसकी ह्लिचियरको प्रयोग गर्नुपर्ने अवस्थाका व्यक्तिहरु, दुवै हातको पाखुरामुनिको अंग नभएका वा नचल्ने, कम्मर मुनिका अंग नभएका वा नचल्ने व्यक्तिहरु, दुबै खुट्टा पूर्ण क्रियाशील नभई बैसाखीको प्रयोग गर्ने व्यक्तिहरु, पूर्ण दृष्टि विहिन व्यक्तिहरु, बहिरा व्यक्तिहरु, दैनिक जीवन सम्पादन आफैं गर्न सक्ने तर सिकाईमा समस्या भएका बौद्धिक अपांगता भएका व्यक्तिहरु, निरन्तर अरुको सहयोग लिइरहनुपर्ने बहुअपांगता भएका व्यक्तिहरुलाई ख वर्गको परिचय पत्र वितरण गरिन्छ । उक्त परिचय पत्र नीलो रगंमा सुनौलो अक्षरमा स्पष्ट सँग लेखिएको हुन्छ ।
३.मध्यम अपांगता : कृतिम अंगको प्रयोग वा सहायक सामाग्रीको प्रयोगबाट दैनिक जीवन सम्पादन आफै गर्न सक्ने, पोलियो भई घुँडा मुनिको अंगममा मात्र प्रभाव परेको, स्वतन्त्र रुपमा हिड्डुल गर्न सक्ने शारीरिक रुपमा अपांगता भएका व्यक्तिहरु, हत्केला भन्दा मुनिका कम्तीमा बूढि औला र चोर औला नभएका तथा कुर्कुच्चा भन्दा मुनिका भाग नभएका , मेरुदण्डमा समस्या भई ढाड कुप्रिएको , सिकाइमा ढिला भएका बौद्धिक अपांगता भएका व्यक्तिहरु, श्रवण यन्त्रको प्रयोग बाट  मात्र सुन्न सक्ने सुस्त श्रवण व्यक्तिहरु, शल्यक्रिया बाट स्वरयन्त्र झिकी घाटीको नलीबाट मात्र बोल्न सक्ने व्यक्तिहरु, चस्मा र तीव्र भकभके व्यक्तिहरु, तीन फिट मुनिका पुड्का व्यक्तिहरु, चस्मा र श्रवण यन्त्र दुवै प्रयोग गर्ने श्रवण दृष्टिविहिन व्यक्तिहरु, लेन्स वा म्याग्निफायरको प्रयोग बाट मात्र पढ्न सक्ने न्यून दृष्टियुक्त व्यक्तिहरुलाई ग वर्गको परिचय पत्र वितरण गरिन्छ । उक्त परिचयपत्र पहेलो रंगमा नीलो अक्षरमा स्पष्ट सँग लेखिएको हुन्छ ।
४.सामान्य अपांगता : शारीरिक अंगहरुमा सामान्य विचलन भएता पनि दैनिक जीवन सम्पादनमा कुनै कठिनाइ नहुने, हात वा खुट्टा केही छोटो भएका, ठूला अक्षर पढ्न सक्ने, न्यून दृष्टियुक्त व्यक्तिहरु, हत्केलामुनी कम्तीमा बूढी औला र चोर औला भएका, खुट्टाको औलाका भागहरु नभएका, श्रवण यन्त्र लगाई वा नलगाई ठूलो आवाज सुन्ने तर बोली स्पष्ट भएका सुस्त श्रवण व्यक्तिहरु, स्मरणशक्ति ज्यादै कम भई सिकाइमा कठिनाइ हुने बौद्धिक अपांगता भएका व्यक्तिहरुलाई घ वर्गको परिचय पत्र वितरण गरिन्छ । उक्त परिचय पत्र सेतो रंगमा कालो अक्षरमा स्पष्ट सँग लेखिएको हुन्छ (अपांगता स्रोत पुस्तिका, २०६९) ।

वि.सं. २०६८ मा लिइएको ११ औं जनगणना अनुसार नेपालको कुल जनसंख्या २ करोड ६४ लाख ९४ हजार ५०४ रहेको र जसमा १.९४ प्रतिशत व्यक्तिमा अपाङ्गता रहेको देखाएको पाइन्छ । राष्ट्रिय तथा अन्तराष्ट्रिय कानुनहरुले अपाङ्गता भएकाहरुको अधिकारको व्यवस्था र ग्यारेन्टी गरेको भएपनि अपाङ्गता भएकाहरु आफ्नो अधिकार उपयोग गर्नमा स्वयंममा सक्षम हुन्नन् । उनीहरुलाई सक्षम बनाउन मुलतः राज्य, अभिभावक तथा सम्बन्धित सघं सस्था लगाएतका सबै व्यक्तिहरुको दायित्व हो । जव दायित्व निभाउनु पर्नेले आफ्नो दायित्व पुरा गर्दैनन् तव अधिकार स्वतः औचित्यहिन, निस्कृय र शुन्य हुन्छ । नेपाल अधिराज्यको संविधान, २०४७ ले अख्तियार गरेको निति तथा कार्यक्रम देखि हाल सम्म नेपालको अन्तरिम संविधान, २०६३ ले गरेको व्यवस्था र नेपाल पक्ष भइ अनुमोदन गरेका विभिन्न संन्धि-सम्झौता  सबै राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा भएको प्रयास यस अध्ययनको श्रोत र सिमाको रुपमा निर्धारण गरीएको छ (गोरखापत्र, मसिंर १२, ०६९) ।

कुनै पनि राज्यले आफ्ना नागरिकहरुलाई शान्ति सुरक्षाको प्रत्याभुति गराउँदै, हरेक तह र तप्काका नागरिकहरुको गाँस, बाँस, कपास, स्वास्थ्य, शिक्षा, सुरक्षा जस्ता न्युनतम आबश्यकताहरुको ग्यानेन्टी गर्नु पनि राज्यकै  दायित्व भित्र पर्दछ । आजको राज्यको परम कर्तव्य प्रत्येक नागरिकको अभिभावकत्वको जिम्मा पूरा गर्नु हो । बिश्वमा सुचना तथा प्रबिधिले समाजमा हरेक पक्षमा प्रभाव पारी आजको समाज  सभ्य, सु-संस्कृत र उन्नतिको पथमा अग्रसर छ । भने यहि समाजको कुनै वर्ग आफ्नो शरीरमा  भएको शारिरीक  कमजोरीको कारण अपहेलित मात्र हैन की राज्य बाट प्राप्त गर्ने न्युनतम आधारभुत शिक्षा, स्वास्थ्य, सुरक्षा, रोजगारी बाट बन्चित रहेको अवस्था देखिन्छ ।

समाजमा चल्ने द्वन्द र युद्धले पनि मानिसलाई अपाङ्गताको संज्ञा भिर्न बाध्य बनाईराखेको हुन्छ । समाजमा बस्ने कुनै पनि मानिस द्वन्दको मारमा वा कुनै पनि किसिमको दुर्घटनामा पर्न सक्छ । उसले आफ्नो शरिरको कुनै अंग गुमाएर वा मस्तिष्क घातको मारमा परेर त्यस उप्रान्त अपांग जिवन विताउन बाध्य हुनु पर्ने सम्भावना जहिले पनि, जसलाई पनि र जहाँपनि रहिरहन्छ । दुर्घटनाले कुनै पनि क्षेत्र, समुदाय, लिङ्ग, जात, आदि केहि हेर्दैन  । दार्शनिकताको हिसावले भन्ने हो भने नियमीततासँग जोडिएको आकस्मिकता नै अपाङ्गता हो । यो संसार

सारा नियममा चल्दछ तर कहिले काही आकस्मिकताले नियमलाई भंग गरिदिन्छ र दुर्घटना हुन सक्छ र जीवनका कयौ मोडमा मानिसलाई अपाङ्ग बनाएर छाडिदिन सक्छ । त्यसैले अपाङ्गताको कुनै सीमा र क्षेत्र हुदैन भनिएको हो । अपाङ्गताको यो चरित्रलाई बुझेर हरेक मानिसले जिवनको कुनै घडीमा आफुनै अपाङ्ग बन्न सक्छु भन्ने सोच राख्ने र तद्अनुरुपको व्यवहार गर्न सकेमा समाजमा अपाङ्गहरुले भोग्नु परेका समस्याहरुको सकारात्मक समाधानमा ठुलो टेवा पुग्न सक्दछ । अपाङ्गहरुले धेरै किसीमका कठिनाईहरुको सामना गर्नु पर्दछ । घर, परिवार, समाज र राज्यबाट माया ममता, एवं प्रोत्साहन पाउने हो र आबश्यक कानुनी तथा व्यवस्थापकिय प्रावधानहरुको निमार्ण हुने हो भने अपाङ्गहरुले पनि राम्रा राम्रा कामहरु गर्दै सुन्दर र सुखी जीवन विताउँन सक्छन् र उनीहरुलाई चाहिएको पनि त्यहि हो । अपाङ्ता भएका बालबालिकाहरुलाई शिक्षामा के कस्तो अवसर प्राप्त छ । सरकारी विद्यालय, महाविद्यालय र विश्वविश्वविद्यालयमा निःशुल्क शिक्षा पाउने व्यवस्था रहेपनि निजि क्षेत्रमा न्युनतम पनि सुविधा दिने गरेको पाइदैन । किनकी उनीहरु (निजि क्षेत्र) सेवा भाव भन्दा पनि मुनाफा मुखी हुने प्रवृतिले निर्देशित हुन्छन् । अतः यस पृष्ठभूमिमा अपाङ्ता भएका व्यक्तिहरुको लागि नेपाल सरकारले के कस्ता सेवा सुविधा दिएको छ । के कस्ता नीतिगत प्रावधान तय गरेको छ भनी यस अध्ययनमा हेर्ने कोशिष गरिएको छ (कोईराला, २०६५) ।

## १.२ समस्याको कथन

नेपालको योजनाबद्ध विकासको ६ दशक भन्दा बढिको प्रयासले पनि हाम्रो आर्थिक, सामाजिक एवं भौतिक उपलब्धिहरु अझैपनि प्रारम्भिक चरण मै छन् । संकुचित सोच, अन्धविश्वास एवं शिक्षा तथा चेतनाको कमिको कारण शरीरमा कुनै अंगमा चोट पुग्न गएबाट अपाङ्गताको संज्ञा पाउन बाध्य नागरिकहरु नै यथार्थमा यस अध्ययनका विषय हुन् । वि.सं. २०३९ मा अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ आएपनि ऐनले दिशा निर्देश गरे अनुसारको सेवा सुविधा उपलब्ध भएको पाइदैन । अपांगता भएका व्यक्तिहरुको परिचयपत्र वितरण निर्देशिका २०६५ मा अपांगता भएका व्यक्तिहरुको अशक्तताको आधारमा अपांगता भत्ता प्रदान गर्ने व्यवस्था रहेकोले र यो व्यवस्था वार्षिक नीती तथा कार्यक्रम मार्फत प्रदान गरिदै आइरहेको छ । यस मार्फत नेपाल सरकारले अपांगता भएका व्यक्तिहरुका लागि विभिन्न जिल्लाका गाविस तथा

नगरपालिका मार्फत पूर्ण अशक्त अपांगता भएका व्यक्तिहरु सबैलाई र अन्यको हकमा जिल्लामा तोकिएको कोटा अनुसार मासिक भत्ता उपलब्ध गराउने व्यवस्था गरेको छ । यस्तो भत्ता पूर्ण अशक्त अपांगता भएका व्यक्तिलाई रु १००० (२०७३ को बजेटबाट सत प्रतिशत बृद्धि गरिएको) र दोस्रो वर्गमा पर्नेलाई मासिक रु. ३०० दिइदै आएकोमा आर्थिक वर्ष २०७३/७४ को बजेट भाषणद्धारा सत प्रतिशत बृद्धि गरिएको छ । यद्यपि यो प्रयाप्त छैन । अपांगता भएका व्यक्तिहरु बहुविभेदको सिकार भएका छन् : जस्तो उनीहरुले जातिय, भौगोलिक, भाषिक आदि विविध कठिनाईको सामना गरिरहेका छन् । अनियन्त्रितरुपमा हिंसाका घटना हुने तर न्यायमा पहुँच नहुनु (यौन, हिंसा, घरेलु हिंसा, महिलाहरु अपांग भएपछि विवाह गरि छाड्ने वा अलपत्र पार्नु आदि ), राज्यका निर्णायक तहमा शुन्य प्रतिनिधित्व हुनु, अपांगताको सवाल मानव अधिकारको सवाल बन्न नसकेको अवस्था, लैगिंक विभेद व्याप्त हुनु, सामाजिक, सांस्कृतिक प्रथा परम्पराका आधारमा गरिने विभेद, विभेदकारी कानुन विद्यमान हुनु (मुलुकी ऐन-२०२० को विवाहवारीको महल ९) । महिलाहरुले स्वास्थ्य तथा प्रजनन स्वास्थ्य सम्बन्धी समस्या भोगिरहनु परिरहेको अवस्था, शिक्षा प्राप्त गर्नबाट बन्चित पारिनु वा हुनु, रोजगारीमा पहुँच नहुनु, सार्वजनिक सवारी साधन प्रयोग गर्न समस्या, यौन दुर्व्यवहार, चढाउन वा ओराल्न जानाजानी वा अस्वीकार गर्नु र विभिन्न नराम्रा शब्द प्रयोग गरी गाली गलौज गर्नु, अपांगता सम्बन्धी ऐन, कानुनहरुको प्रभावकारी कार्यान्वयन नहुनु, प्रचलित कानुनमा अपांगता भएका व्यक्तिहरुलाई उचित र सम्बानित शब्दहरुको प्रयॄोग नहुनु आदि विविध समस्याहरु रहेका छन् । अतः यसै पृष्ठभूमिमा यस अध्ययनको लागि निम्न समस्याहरुलाई उठान गरिएको छ ।

क) अपाङ्ता सम्बन्धि नीति, ऐन र नियमावलीमा भएका व्यवस्थाहरु कार्यान्वयन हुन के के कारणहरु बाधक छन् ?

ख) क र ख वर्गका अपाङ्गता परिचय पत्र बाहक व्यक्तिले पाएको सामाजिक सुरक्षा भत्ताबाट परिवार र समाजसँगको सम्बन्ध कस्तो छ ?

ग) के अन्तराष्ट्रिय सन्धि, संझौतामा उल्लेखित प्रावधानहरु घरेलु कानुनमा समेटिएका छन् त ?

घ) के  वितरण गरिएका सुविधाहरु पर्याप्त र उपयुक्त छन् ?

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनको सामान्य उद्देश्यमा अपांगता भएका व्यक्तिकालागि राज्यले उपलब्ध गराएका सेवासुविधा सम्बन्धि र परिवार र समाजसँगको सम्बन्धको अध्ययन गर्नु हो भने निम्न विशिष्ट उद्देश्यहरु राखी अध्ययनलाई अगाडि बढाइएको छ। :

क) अपांगता सम्बन्धि ऐन र नियमावलीमा भएका प्रावधानहरुको अध्ययन गर्नु,

ख) अपाङ्गता भएका व्यक्तिहरुले राज्यबाट प्रदान गरिएका सेवा सुविधाहरुको सम्बन्धमा सरोकारवालाको धारणा पत्ता लगाउनु,

ग सामाजिक सुरक्षा भत्ता प्राप्त अपांगता भएका व्यक्तिहरुलाई समाज र परिवारले गरेको व्यवहार बारेमा अध्ययन गर्ने।

## १.४ अध्ययनको औचित्य

आधुनिक विश्वमा विज्ञान तथा प्रविधिमा भएको तिब्र विकास र उन्नतिले अपाङ्कता भएका व्यक्तिहरुलाई पनि हरेक क्षेत्रमा सहज पहुँचको अवस्था सृजना हुदै गएको छ। उदाहरणको लागि आधुनिक भवनमा लिफ्टको निमार्णले दशौ तलामा अपाङ्गता भएका व्यक्ति पुगि कार्य सम्पादन गर्न सहज भएको छ, त्यसैगरि कम्प्युटर, टेलिफोनको प्रयोगबाट पनि अपाङ्कता भएका व्यक्तिहरुको शिक्षा, सिप, दक्षताको प्रस्फुटन हुनमा सहयोग पुगेको छ। यद्यपी नेपालका अपाङ्गता भएका नागरिकहरुको अवस्था भने त्यति राम्रो छैन। शिक्षा प्राप्त गर्न निकै कठिनाईको सामना गर्नू पर्ने अवस्था छ भने यस क्षेत्रमा गहिरो अध्ययन गरि आवश्यक नीति नियमहरु बन्न नसकेको अवस्था देखिन्छ। अतः यस अध्ययन बाट यस क्षेत्रमा थप अध्ययन गर्न चाहानेहरुको लागि र अपाङ्गता भएका नागरिकको उन्नति र विकासका लागि सरकार, राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरुलाई आवश्यक नीति नियम बनाउन यस अध्ययन ले थोरै भए पनि मार्ग दर्शन गर्न सक्ने छ। यद्यपी यो अध्ययन त्रिभुवन विश्वविद्यालय समाजशास्त्र विभाग, स्नातकोत्तर तह दोस्रो वर्षको आंशिक आवश्यकता पूर्तिको लागि भएकोले निश्चित पाठ्यक्रममा आधारित भएर अध्ययन कार्य अगाडि बढाइएको छ। यसै पृष्ठभूमिमा यस अध्ययनको निम्न आधारमा औचित्य पूष्टि गर्न सकिन्छ। अपाङ्गता भएका व्यक्तिहरुको विकासको लागि आवश्यक कानुन, नीति नियम र कार्य विधि तय गर्न सहयोग पुग्नेछ। यस विषयमा थप अध्ययन, अनुसन्धान गर्न यसले थोरै मात्रा भएपनि मार्ग दर्शन गर्न सक्नेछ। निजि क्षेत्र र अन्तराष्ट्रिय

निकाय (सम्बन्धित क्षेत्रमा काम गर्ने) हरुलाई अपाङ्गता भएका व्यक्तिहरुको विकासको लागि मार्गदर्शन गर्न सक्ने विश्वास गर्न सकिन्छ ।

## १.५ अध्ययनको संगठन

यस अध्ययनलाई जम्मा पाँच अध्यायमा विभाजन गरिएको छ ।

अध्याय एकमा परिचय रहेको जसमा अध्ययनको पृष्ठभूमि, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको औचित्य र अध्ययनको संगठन रहेको छ ।

अध्याय दुईमा सन्दर्भ साहित्यको समिक्षा गरिएको छ जसमा अन्तराष्ट्रिय स्तरमा भएका कानुनी व्यवस्थाहरु लाई उल्लेख गरिएको छ ।

अध्याय तीनमा अध्ययन विधि रहेको छ यस अन्तर्गत अध्ययन क्षेत्रको परिचय, अध्ययन क्षेत्र छनौटको औचित्य, अनुसन्धान ढाँचा, तथ्याङ्कको प्रकृति र स्रोत, अध्ययनको समग्र र नमुना छनौट, जिल्लाको समग्र अपाङ्गताको जनसंख्या र प्रकार लगायतका विषयहरु समावेश गरिएको छ ।

अध्याय चारमा तथ्याङ्क प्रस्तुति तथा विश्लेषण राखिएको छ । जसमा अध्ययन क्षेत्रको परिचय, अपाङ्ग अधिकार र नेपाल कानुन, कार्ययोजनाले समेटेका विषयहरु, नेपालको संविधानमा अपाङ्गताको परिप्रेक्षमा रहेका प्रावधानहरु, राष्ट्रिय कानुनी प्रावधानहरु, विश्वव्यापी व्यवस्थाहरु लगायतका विषयहरु समावेश गरिएको छ ।

अध्याय पाँचमा सारांश, निष्कष तथा सुझावहरुलाई समावेश गरिएको छ ।

# अध्याय दुई
# सन्दर्भ साहित्यको समिक्षा

## २.१ अन्तराष्ट्रिय स्तरमा कानुनी व्यवस्थाहरु

बाल अधिकारसम्बन्धी महासन्धी र अपाङ्गता भएका व्यक्तिहरुको अधिकारसम्बन्धी महासन्धीले अपाङ्गता भएका बालबालिकाहरुलाई सेवा र संरक्षण चाहाने निष्कृय वस्तु ठान्ने धारणाहरुलाई चुनौती दिन्छन् । यसका अतिरिक्त महासन्धीले प्रत्येक बालबालिकाहरुले आफ्ना परिवार, समुदाय र समाजको पूर्ण सदस्यको रुपमा पहिचान हुन पाउनु पर्छ भन्ने माग राख्दछन् । यस अन्तर्गत बालबालिकालाई उद्धार गर्ने भन्ने परम्परागत मान्यतामा नभएर बालबालिकामा दैनिक जीवनमा असर गर्ने निर्णय प्रक्रियामा सक्रिय सहभागिता हुन पाउने अधिकार लगायत बाल अधिकारको उपभोगमा बाधा पुऱ्याउने शारीरिक, साँस्कृतिक, आर्थिक, संचार, हिडडुल र धारणागत व्यवधानहरुलाई हटाउन गरिने लगानीमा जोड दिने कुराहरु पर्दछन् । अपाङ्गता भएका व्यक्तिहरुको क्षमतालाई नजरअन्दाज गर्नु उनीहरुको समावेशीकरण र समान अवसरहरुका प्रावधानको प्रमुख अवरोध हो । पेशाकर्मी, राजनितिज्ञ र अन्य नीति नियमहरुदेखि लिएर परिवार, सहपाठी साथै अपाङ्गता भएका मानिसहरुमा सम्म पनि अश्विकारी धारणा व्याप्त हुन्छ जसका कारणले गर्दा उनीहरुले आफ्नै क्षमतालाई कम महत्व दिन्छन् (पोखेल, २०६९) ।

**क) अपाङ्गहरुको लागि अवसर सामान्यीकरण सम्बन्धि प्रामाणिक नियमहरु, १९९३**

अपाङ्गता भएको बालकको अन्य कुनै बालिका वा बालक सरह समान अधिकार हुन्छन् । अरु सरह फल्ने फुल्ने मौका पाएको खण्डमा अपाङ्गता भएका बालबालिकाहरु सँग सफल जिवन जिउने र उनीहरुका समुदायले सामाजिक, सांस्कृतिक र आर्थिक जीवनमा योगदान पुऱ्याउने संभाव्यता हुन्छ । यद्यपी अपाङ्गता भएका बालबालिकाहरुलाई जिउन र उन्नति गर्न विशेष कठिनाई हुन सक्छ । अपाङ्गता नभएका साथीहरु भन्दा उनीहरु गरीब हुने उच्च जोखिममा हुन्छन् । समान प्रकारका प्रतिकुल परिस्थितिहरु भएका बालबालिकाहरु मध्ये पनि अपाङ्गता भएका बालबालिकाहरुले उनीहरुको अपाङ्गता र समाजले तिनका बाटोमा तेर्छ्याउने थुप्रै व्यवधानहरुको फलस्वरुप अतिरिक्त चुनौतिहरुको सामना गर्छन् । उदाहरणको लागि गरिबीमा

बाँचिरहेका बालबालिकाहरुले शिक्षा र स्वास्थ्य सेवाको सुविधा कमै मात्र उपभोग गर्न पाउँछन् तर अपाङ्गता भएका र गरिबीमा बाँचिरहेका बालबालिकाहरु स्थानिय विद्यालय वा क्लिनिकमा जानै नसक्ने हुन्छन् । सयुक्त राष्ट्रसघिय मानव अधिकार सम्बन्धि विश्व व्यापी घोषणा प्रत्र, १९४८ भेदभाव विरुद्धका सबै निति तथा नियम, अपाङ्गता वाल बालबालिका तथा महिलाहरुका अधिकार निश्चित गर्न महिलाहरुका विरुद्धका सबै प्रकारका भेदभाव निर्मुल गर्ने सम्बन्धि अन्तराष्ट्रिय सम्मेलनले पारित गरेका व्यवस्था , सुस्तमनस्थिति भएको व्यक्तिहरुका अधिकार सम्बन्धि घोषणा पत्र आदिलाई दृष्ट्रिगत गर्दै सयुक्त राष्ट्रसघको साधारण सभाले २० डिसेम्बर १९९३ मा आफ्नो ४८ औ बैठकले 'अपाङ्गताहरुको लागि अवसर समानीकरणसम्बन्धि प्रामाणिक नियमहरु , १९९३ ' पारित गर्यो । यी नियमहरुलाई लागु गर्न सबै राष्ट्रहरु सँग अनुरोध गरिएको थियो । ति प्रामाणिक नियमलाई हरेक राष्ट्रले आ आफ्नो राष्ट्रभाषामा अनुबाद गरि सम्बन्धित सरोकार वाला व्यक्तिहरु निकायमा पुराउनु पर्दछ । ती राष्ट्रहरुमा ऐन , कानुन निति तथा कार्यक्रम हरुको तर्जुमा गर्दा यी नियमहरुलाई पालना गर्ने तर्फ सबैको ध्यान जान जरुरी देखिन्छ । यसमा जम्मा २२ ओटा नियमहरु रहेका छन् (राष्ट्रिय अपाङ्ग महासंघ, २०५०) ति नियमहरुलाई पनि चार भागमा बाडिएको छ ।

- समान सहभागिताका पुर्वाधारहरु
- समान सहभागिताका निमित्त लच्छित क्षेत्र
- कार्यान्वयन विधिहरु
- अनुगमन प्रणाली (अपाङ्गता भएकाहरुको अभियान, २०६८)

अपाङ्गताको प्रकार, उनीहरु बस्ने ठाउँ, संस्कृति वा बर्गको आधारमा अपाङ्गता भएका बालबालिकाहरुले विभिन्न प्रकारका वहिष्करणको सामना गर्छन र तिनिहरुद्धारा भिन्न प्रकारले प्रभावित हुन्छन् । लिङ्ग पनि एउटा महत्वपूर्ण पक्ष हो : अपाङ्गता भएका केटाहरु वा अपाङ्गता नभएका केटीहरु भन्दा अपाङ्गता भएका केटीहरुलाई शिक्षा प्राप्त गर्ने, व्यवसायिक तालिम लिने वा रोजगारी पाउने सम्भावना कम हुन्छ । अपाङ्गता भएका बालबालिकाहरुलाई प्रायः तुच्छ ठानिन्छ र त्यसले उनीहरुलाई अझ बढि जोखिममा पार्छ । अपाङ्गताका आधारमा भेदभाव श्रोतसाधन र निर्णय प्रक्रियाबाट हुने सीमान्तीकरण र कहिलेकाहि बाल हत्यामा परिणत हुन्छ । बहिष्करण प्रायः अदृष्यताबाट उत्पन्न हुन्छ । थोरै देशहरुमा उनीहरुका नागरिकहरु मध्ये

कतिजना अपाङ्गता भएका वा उक्त अपाङ्गताले उनीहरुको जीवनमा कस्तो प्रभाव पारेको छ भन्ने बारेमा भरपर्दो सूचना हुदैन । यसरी बहिष्कृत भएका बालबालिकाहरुका बारेमा थाहै हुँदैन र उनीहरुले पाउनु पर्ने सार्वजनिक सेवाबाट बञ्चित हुन्छन् । जसले गर्दा उनीहरुको जीवनमा दीर्घकालिन असर पर्छ । तर सहयोगी सेवा र प्रविधिको पहुँच र प्रयोगले अपाङ्गता भएका बालबालिकाहरुलाई समुदायमा आफ्नो स्थान बनाउन र त्यसमा योगदान दिन मद्दत पुऱ्याउँछ । भविष्य त्यति अध्यारो छैन । बालबालिकाहरुका अधिकारहरुसम्बन्धी महासन्धी र अपाङ्गता भएका व्यक्तिहरुका अधिकारसम्बन्धि महासन्धी प्रवर्द्धन गर्ने प्रतिबद्धताद्धारा संसारभरका सरकारले अपाङ्ग र सबलाङ्ग सबै बालबालिकाहरुको कुनै प्रकारको भेदभाव विना आफ्ना अधिकारहरु उपयोग गर्न पाउँछन् भन्ने कुरा सुनिश्चित गर्ने जिम्मेवारी लिएका छन् । महासन्धीहरु समुदायीक जिवनमा समोवश गर्न प्रतिबद्ध विश्वव्यापी आन्दोलनहरुका साक्षी हुन् । महासन्धीहरुले अपाङ्गता भएका बालबालिकाहरुका अरु सरह अधिकार हुन्छन् भन्ने कुरा स्थापित गरेका छन् ।

**ख) एशिया तथा प्रशान्त क्षेत्रका अपाङ्गहरुको दशक १९९३ देखि २००२**

सयुंक्त राष्ट्रसंघिय अवसरको समानीकरणले दिएको आदेश अनुसार विकसित मुलुकको दाँजोमा एशिया तथा प्रशान्त देशहरुमा अपाङ्गहरुका निमित्त लक्षित कार्यक्रमहरुले भर्खरै गति लिदै गरेको भएतापनि सकारात्मक सुचक देखिएकाले ऐशिया तथा प्रशान्त क्षेत्रका लागि आर्थिक तथा सामाजिक आयोग एशिया तथा प्रशान्त क्षेत्र (ESCAP) बेइजिडमा सम्पन्न भएको ४८ औ सभाले १९९३ देखि सन २००० सम्म एशिया तथा प्रशान्त क्षेत्रका लागि अपाङ्ग दशक घोषणा गयौ । उक्त बैठकले एशिया तथा प्रशान्त क्षेत्रका अपाङ्गहरुको पूर्ण सहभागिता र समानता सम्बन्धि घोषणालाई पारित गर्नुका साथै एशिया तथा प्रशान्त क्षेत्रका अपाङ्गहरुको दशक १९९३ देखि २००२ को कार्यतालिका पारित गर्यो । अप्रिल १९९३ मा आयोगको ४९ औ सभाले प्रस्ताव नं ४९/६ मार्फत घोषणा पत्र र कार्यतालिका पारित गर्यो ।

एशिया तथा प्रसान्त क्षेत्रका अपाङ्गहरुको दशकका उद्देश्यहरु हासिल गर्नका लागि अपाङ्गता सम्बन्धी कार्यनीतिलाई प्रभावकारी रुपमा सञ्चालन गर्न १२ ओटा नीतिहरु तय गरिएको थियो । यी नीतिअनुरुप नेपालमा पनि सरकारले केहि सकारात्मक प्रयासहरुको थालनी गरेको पाइन्छ । जसमा अपाङ्ग परिचय पत्र वितरण, नवौ पञ्वर्षिय योजनामा नीतिगत व्यवस्था

तथा दशौ पञ्चबर्षिय योजनामा विशेष शिक्षाको संस्थागत विकास, अपाङ्गता भएकाहरुको सस्थाहरुको ससक्तिकरण र आर्थिक अनुदान प्रदान, ऐन, कानुन, नियमावलीको मसेउदा तयार गर्नु केहि सकारात्मक कदम हो, दशौ पञ्चवर्षिय योजनाको आधार पत्र तयार गर्दा अपाङ्गहरुको क्षमता विकास गर्न विभिन्न कार्यक्रम तर्जुमा गर्नु, अपाङ्ग व्यक्तिलाई सक्रिय सहभागि गराउनु र विना धितो ऋणको व्यवस्था गरि उनीहरुको आर्थिक अवस्थामा सुधार गर्नु राखेको देखिन्छ ।

दक्षिण एशियाली मुलुकहरुको तुलनामा (सार्क) नीति निर्माण तहमानै नेपाल पछाडि परेको देखिन्छ । छिमेकी मुलुक भारतमा पनि दृष्टिविहिन व्यक्तिहरुको लागि शिक्षामा, स्वास्थ्यमा, यातायातमा र उनीहरुले प्रयोग गर्ने सेतो छडि (ह्वाइट क्यान) लगायतका उपकरणको निर्माण मा ध्यान दिएको पाइन्छ त्यसैगरि शारीरिक अपाङ्गता भएकाहरुको लागि सहायक सामाग्रीमा बैसाखी, व्हिलचियर लगायतका सामाग्रीको निर्माण र विना शुल्क प्रयोग गर्ने वातावरण तय गरेबाट नेपालमा पनी क्रमश यस विषयले स्थान पाउँदै गएको र पछिल्ला वर्षहरुमा अपाङ्गता भएकाहरुको विकास र क्षमता विकासकय कार्यहरु हुँदै आएको देखिन्छ । तसर्थ अझ ससक्त रुपमा स्क्याप निति अनुसार नेपालको कानुनमा सुधार नीति निमार्ण तथा कार्यक्रम तयार गर्नु पर्ने टड्कारो  आवश्यकता देखिन्छ  (रा.अ.म.(२०६८), रुपान्तरणः मासिक पत्रिका ) ।

**ग) अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी महासन्धी एवं स्वेच्छिक प्रोटोकल, २००६**

हरेक नागरिकको नैसर्गिक अधिकार सुनिश्चित गराउनु कुनै पनि मुलुकको अनिवार्य दायित्व भएको कुरालाई सयुक्त राष्ट्रसघंले पारित गरेका मानव अधिकार सम्बन्धि विभिन्न महासन्धि र घोषणा पत्रहरुद्धारा स्पष्ट पारिएको परिप्रेक्षमा हालसम्म ल्याइएका त्यस्ता दस्तावेजहरुले अपाङ्गता भएका व्यक्तिहरुको नागरिक, राजनैतिक एवं आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार सुनिश्चित गराउनका लागि कुनै विशेष प्रावधानहरु नतोकेका कारण विश्वभरी रहेका अपाङ्गता भएका व्यक्तिहरुको मौलिक हक अधिकार कुण्ठित हुन गई तीनले स्वाभिमानपूर्ण जिवन बाँच्नबाट बाँधा उत्पन्न भएको हुदाँ विशेष रुपमा अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धि अन्तराष्ट्रिय महासन्धि लागु गराउन सयुंक्त राष्ट्रसघले सन् २००१ को अन्त्य तिर तदर्थ समिति गठन गरि कार्य प्रारम्भ गरेको थियो । यद्यपी अपाङ्गता

भएका व्यक्तिहरुको अधिकार सम्बन्धि महासन्धी अपाङ्गता सँग सरोकार राख्ने पहिलो मानव अधिकार दस्तावेज होइन । तर पनि अघिल्ला दस्तावेजहरुले भन्दा यसले अपाङ्गता भएका व्यक्तिहरुलाई उदाहरणीय रुपमा संरक्षण प्रदान गर्छ । महासन्धीले अपाङ्गता भएका व्यक्तिहरुले उपभोग गर्नुपर्ने अधिकारहरुलाई विस्तृतताकाथ विवरण तथा राज्य र अन्य निकायहरुद्धारा उक्त अधिकारहरुको सम्मानको सुनिश्चिता गरेको छ (अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धि महासन्धि एवं स्वेच्छिक प्रोटोकल २००६ (Convention on the Rights of Persons with Disabilities and Optional Protocol, CRPD-2006) १३ डिसेम्बर २००६ मा संयुक्तराष्ट्रसघको ६१ औ महासभाबाट पारित भए अनुसार । सन् १९८२ मा संयुक्त राष्ट्रसंघिय महासभाले "**अपाङ्गता भएका व्यक्तिहरुसँग सम्बन्धित विश्व कार्यक्रम**" पारित गर्‍यो जसले कुनै पनि देशको विकासका गतिविधिहरुमा अपाङ्गताको जवाललाई जोडेर हेर्नु पर्नेमा जोड दिन्छ । संयुक्त राष्ट्रसंघको महासभाले सन् १९८३ देखि १९९२ को दशकलाई "अपाङ्ग व्यक्तिहरुको दशक" को रुपमा घोषणा गर्‍यो र सो अवधिभर आफ्ना सदस्य राष्ट्रहरुलाई अपाङ्गगता भएका व्यक्तिहरु सँग सम्बन्धित विश्व कार्यक्रमलाई कार्यान्वयन गर्न प्रोत्साहित गर्‍यो । ( स्रोत : सन् १९८२ डिसेम्बर ३ को संयुक्त राष्ट्रसंघीय महासभाको संकल्प प्रस्ताव ३७/५३) महासन्धीको उद्देश्य अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी महासन्धीको धारा १ ले महासन्धीको उद्देश्य "अपाङ्गगता भएका सबै व्यक्तिहरुले सम्पूर्ण मानव अधिकार तथा मौलिक स्वतन्त्रताको पूर्ण र समान उपभोग पाउनको लागि प्रवर्द्धन, संरक्षण र सुनिश्चित गर्नु, तथा उनीहरुको नैसर्गिक मर्यादाको सम्मानको प्रवर्द्धन गर्नु हो ।" महासन्धीले अपाङ्गता भन्ने शब्दलाई यसरी परिभाषित गर्दछ । अपाङ्गता भएका व्यक्ति भन्नाले शारीरिक, मानसिक, बौद्धिक अथवा इन्द्रिय सम्बन्धि कमजोरीहरु तथा तिनका विभिन्न नकारात्मक सोच तथा शारीरिक भौतिक अवरोधहरको कारणले गर्दा समाजमा अन्य व्यक्तिहरु सरह समान आधारमा पूर्ण र प्रभावकारी ढङगमा सहभागि हुन बाधा भएका व्यक्तिहरुलाई जनाउँछ (धारा १) विशेषतः अविकसित मुलुकहरुमा अपाङ्गता भएका व्यक्तिहरुको शिक्षाको लागि धेरै अवरोधहरु रहेका छन् । तिनीहरु यस प्रकार रहेका छन् :

हालैका अनुमानहरुले अविकसित मुलुकहरुमा विद्यालय जाने अपाङ्गता भएका बालबालिकाहरुको दर १ देखि ३ प्रतिशतको हाराहारीमा छ भन्ने देखाएका छन् , तसर्थ लगभग ९८ प्रतिशत

विद्यालय नजाने अपाङ्गता भएका बालबालिकाहरु निरक्षर छन् । जहिले सम्म यति ठुलो संख्यामा अपाङ्गता भएका बालबालिकाहरु विद्यालय जान पाउँदैनन् तब सम्म विश्वव्यापी प्राथमिक शिक्षाको सहस्राब्दी विकास लक्ष्य प्राप्त हुने छैन । तथापि, अनुसन्धानहरुले के देखाएका छन् भने उल्लेखनिय रुपमा अपाङ्गता भएका बालबालिकाहरु सहितका नियमित शिक्षामा समेटिएका बालबालिकाहरुको विद्यालय शिक्षा पूरा गर्ने सम्भावना बढि हुन्छ र उनीहरु माध्यमिक पछिको शैक्षिक तहको अध्ययन तथा तालिममा संलग्न हुने, जागिर खाएर राम्रो आम्दानी गरी आफ्नो समुदायको सक्रिय सदस्य हुन्छन् । महासन्धीले प्रवर्द्धन गरेका शिक्षा तर्फको प्रवेश समोवशी शिक्षाको त्यस्तो सिद्धान्तमा आधारित छ जसले बौद्धिक अपाङ्गता भएका बालबालिकाहरु समेतलाई उत्कृष्ट शैक्षिक वातावरण प्रदान मात्र गर्दैन बरु अवरोधहरुलाई नष्ट गर्न र सामाजिक मान्यताहरुलाई चुनौति दिन मद्दत गर्दछ । शिक्षाको यो प्रणालीले अपाङ्गता देखि डराउने भन्दा पनि यसलाई स्विकार्ने र आत्मसाथ गर्ने समाजको सिर्जना गर्न सहयोग पुऱ्याउँछ । जब अपाङ्गता भएका र नभएका बालबालिकाहरु एउटै विद्यालयमा एक साथ अध्ययन गर्छन, उनीहरु एक अर्का प्रति ठुलो समझदारी र सम्मानको विकास गर्छन् । अत: समावेशी हुनका लागि साधारण शिक्षा प्रणालीले : (धारा १०)

- अपाङ्गता भएका व्यक्तिहरुका लागि उपयुक्त किसिमका उपकरण तथा शैक्षिक सामग्रीहरुको व्यवस्था गर्नु पर्छ,
- अपाङ्गता भएका सहित सबै विद्यार्थीहरु र बालबालिकाहरुको आवश्यकतालाई आत्मसात गर्ने खालका शिक्षण विधिको अबलम्बन गर्नु पर्छ साथै विविधताको स्वीकोरोक्तिको प्रवर्द्धन गर्नु पर्छ ,
- सम्पूर्ण शिक्षक-शिक्षिकाहरुलाई एउटा समावेशी कक्षाकोठामा अध्यापन गर्न तालिम प्रदान गर्नु तथा एक अर्कालाई सहयोग गर्न उत्प्रेरित गर्नु पर्छ ,
- सम्भावनाको अति उच्च हद सम्म अपाङ्गता नभएका विद्यार्थीहरु समेतको विविध आवश्यकतालाई पूरा गर्ने तहको सहयोगको व्यवस्था गर्नु पर्छ र
- ब्रेल तथा साङ्केतिक भाषा सिकाइको सहजीकरण गर्नु पर्छ जसले गर्दा दृष्टिविहिन, बहिरा वा बहिरा-दुष्टिविहिनहरुको शिक्षामा पहुँच विस्तार हुन्छ र उनीहरुले पनि संवाद गर्न सक्छन् ।

- गत २००६ अगष्ट २५ तारिकमा तदर्थ समितिको आठौ बैठकले महासन्धि मस्यौदा तयार पारि सयुंक्त राष्ट्रसंघ समक्ष अनुमोदनको लागि पेस गरेपछि डिसेम्बर १३ तारिखका दिन ६१ औ महासभाले पारित गरि २००७ को मार्च ३ तारिकका दिन सदस्य राष्ट्रहरुबाट हस्ताक्षर तथा अनुमोदन गर्न खुल्ला गरिसकेको छ र यस प्रकाशन हुने दिन सम्म ८१ वटा सहित युरोपियनले सीआरपिडिमा  हस्ताक्षर गरिसकेका छन् ।

अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धि महासन्धि(CRPD) 2006 मा २५ वटा प्रस्तावना ५० वटा धारा १८ वटा स्वेच्छिक प्रोटोकलहरु रहेका छन् । अपाङ्गता भएका व्यक्तिहरुको नैसर्गिक अधिकारको सवर्द्धन र प्रर्वदन गरि तीनको स्वाभिमान पूर्ण जिवन सुनिश्चित गराउनु महासन्धिका पक्ष राष्ट्रहरुलाई अन्तराष्ट्रिय कानुनी दस्तावेजको रुपमा यस महासन्धिलाई लिइएको छ । अपाङ्गता भएका सबै व्यक्तिहरुबाट हुने सम्पूर्ण सबै मानव अधिकार तथा मौलिक स्वतन्त्रताहरुको पूर्ण र समान उपभोग, संवर्द्धन, संरक्षण एवं सुनिश्चित गर्नु तथा उनीहरुको नैसर्गिक मर्यादाको सम्मानको संवर्द्धन गर्ने उद्देश्य बाट महासन्धि उन्मुख भएको छ (धारा ११) । महासन्धिको अनुमोदन गरि स्वीकार गर्ने राष्ट्रहरुले पक्षराष्ट्रको रुपमा अपाङ्गता भएका व्यक्तिहरुको अधिकार प्रर्वद्धन र सम्बर्द्धन गर्ने विशेष भुमिका निर्वाह गर्नु पर्दछ । प्रस्तुत महासन्धिले अपाङ्गता भएको व्यक्ति भन्नाले शारिरीक, मानसिक, बौद्धिक वा इन्द्रिंय सम्बन्धि दिर्घकालीन अशक्तताद्धारा सृजित विभिन्न अवरोधहरुसंगको अन्तरक्रियाको कारणले समाजमा अन्य व्यक्तिहरु सरह समान आधारमा पूर्ण र प्रभावकारी ढंगमा सहभागि हुन बाधा भएको व्यक्ति समेतलाई जनाउँछ । यस महासन्धीको धारा २४ मा शिक्षा को बारेमा उल्लेख गरिएको छ । जसमा भनिएको छ । अपाङ्गता भएका व्यक्तिहरुको शिक्षाको अधिकार रहने छ,, उनीहरुलाई कुनै पनि प्रकारको शिक्षाबाट बन्चित गराइने छैन र शिक्षाको लागि कुनै पनि शुल्क लिन पाइने छैन, शिक्षा प्राप्त गर्नको लागि भौतिक पुर्वाधारहरु बाधक बन्नु हुदैन । भन्ने जस्ता विषयहरु उल्लेख गरिएको छ ।

अपाङ्गता : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस अध्ययना अपाँता भन्नाले शारीरीक रुपमा (आँखा, नाँक, कान, हात, खुट्टामा) भएको दोषको कारण दैनिक चर्या गर्न कठिनाई भएको व्यक्ति भन्ने बुझ्नु पर्दछ ।

पहुँच : सामान्य अर्थमा पहुँच भन्नाले पुग्न सक्ने अवस्था भन्ने बुझ्ेतापनि यहाँ अपाङ्गता को प्रसंगमा अपाङ्गता भएको व्यक्तिहरुको क्षेमताले भ्याउने स्थान भन्ने वुझ्नु पर्दछ ।

सहभागिता : कुनै पनि काममा भौतिक शरिरको उपस्थितिलाई जनाउँछ ।

अवरोध मुक्त वातावरण : अपाङ्गता भएका व्यक्तिहरुलाई कुनै ठाउँमा पुगि कार्य सम्पादन गर्न सहज हुने अवस्था वा परिवेश भन्ने बुझ्नु पर्दछ ।

## २.२ अपाङ्गताको परिभाषा

अपाङ्गता भएको व्यक्ति भनेको दैनिक क्रियाकलापमा असर गर्ने शारीरिक, संवेगात्मक र/वा बौद्धिक असक्षमता भएको व्यक्ति हो । अपाङ्गता भएका व्यक्तिमा रोग हुनु जरुरी छैन र ती व्यक्ति बिरामी होइनन् भन्ने कुरा स्मरण गर्नु महत्वपूर्ण हुन्छ (अपाङ्ग सेवा राष्ट्रिय नीति, २०५३) ।

**सम्भावित चिन्हहरु**

अपाङ्गताको पहिचान पुनर्स्थापना सम्बन्धि विशेषज्ञ वा स्वास्थ्यकमीद्धारा गरिनछ । देहायका कारणहरुले अपाङ्गता हुन सक्दछ :

**बिमारी जस्तै कुपोषण वा मेनिन्जाइटिस जस्ता रोगहरु**

- दुर्घटना : घरमा, कार्यस्थलमा । अपाङ्गताको मुख्य कारण बन्दै गइरहेको छ ।
- प्रकोप तथा युद्ध : द्धन्दले हिँसा तथा अपाङ्गतालाई निम्त्याउँछ । भुकम्प, पहिरो, बाढि जस्ता प्रकोपले अपाङ्गता निम्त्याउँछ ।
- गरिबी : गरिबीका कारण स्वास्थ्य सेवा प्राप्तीको लागि पैसाको अभाव, गर्भाधानसँग सम्बन्धि जटिलताहरु, कुपोषण र न्युन जीवन यापन जस्ता समस्या देखा पर्दछन् ।
- प्राकृतिक कारणहरु : केही व्यक्तिहरु जन्मदै अपाङ्ग भएर जन्मिन्छन् भने केही व्यक्ति पछि गएर अपाङ्ग हुन्छन्

सामान्य शरीरको अन्य अंगसरह कुनै एक अंग चल्न नसक्नुलाई अपाङ्ग भनिन्छ । अपाङ्गपन एक अवस्था मात्र हो । यसलाई अँग्रेजीमा Disabled, Impairment, Disability अथवा ज्बलमष्अबउ भनिन्छ । अपाङ्ग शब्दले शरीरको कुनै अँग गुमेको वा कुनै भागमा विकृति भएको भन्ने बुझिन्छ । शरीरको कुन भाग र अँगमा विकृति भएको हो ? त्यसले व्यक्तिमा कसरी प्रतिकुल प्रभाव पारेको छ ?यिनै आधारमा सरकारी तथा गैरसरकारी सघं संस्थाहरुले आ आफ्नै

किसिमले व्याख्या गरेर अपाङ्गको परिभाषा गर्ने गरेको पाहिन्छ । हालसम्म अपाङ्गको बारेमा स्वीकृत तथा सर्वमान्य हुनेगरि एकै किसिमको परिभाषा दिन सकिएको छैन ।

Disabled शब्दको अर्थ Oxford Dictionary df Unable to work भनिएको छ । नेपाली बृहद् शब्दकोषमा अपाङ्ग भन्नाले "अंगभंग भएको, शरिरको कुनै भाग विकृत भएको, हातगोडा आदी भाँचिएको वा नाक, कान वा आँखा आदि विकृत भएको विकलाङ " भनिएको छ (अपाङ्ग आवाज, २०६९)।

अपाङ्ग संरक्षण तथा कल्याण ऐन,२०३९ मा 'अपाङ्ग' भन्नाले सामान्य दैनिक कार्य गर्न शारीरीक वा मानसिक तवरले असमर्थ भएको नेपाली नागरिकलाई सम्फनुपर्छ । यो शब्दले कानो, अन्धो, बहिरो,लाटो, लठेब्रो, लुलो, लङ्गडो,खोरण्डो, डुंडो या सुस्तमनःस्थिति भएको व्यक्तिलाई जनाउँदछ भनेर भनिएको छ ।

यसैगरि कानुनी शब्दकोषमा 'अपाङ्ग' (Disabled or Cripped Person)भन्नाले सामान्य दैनिक चर्यागर्न शारीरिक वा मानसिक तवरले असमर्थ वा असक्षम भएको नेपाली नागरिक कानो, अन्धो, बहिरो, लाटो, लठब्रो, लुलो, कुँजो, लङ्गडो, डुँडो वा सुस्तमनःस्थिति भएको व्यक्तिसमेत भनेर भनिएको छ ।

Disabled People International (DPI) को पहिलो राष्ट्रिय सम्मेलनले Person with Disabilities ' अपाङ्गपन भएको व्यक्ति भन्नुपर्ने भनेर घोषणा पत्र जारी गरेको छ । नेपाली शब्दसारले आँखाको कुरा, कटाक्ष, कर्केनजर ,अँगभँग भएको, शरीरको कुनै अँग बेकाम भएको विकृतीलाई अपाङ्गको अर्थ मानेको छ । यद्यपी, अपाङ्ग शब्दलाई परम्परागत मानसिकता बाट परिभाषा वा अर्थ लगाउँदा अपाङ्गको आत्म सम्मानमा ठेस पुग्ने र होच्याउने काम भएको छ । नेपाली शब्दकोष र अपाङ्गहरुका लागि बनाइएका कानुनमा पनि परिभाषा गर्ने क्रममा लाटो, लुलो, लँगडो, कुँजो, डुँडो जस्ता अपमानजनक शब्द राखिएको छ, जसलेगर्दा अपाङ्गहरुको आत्म सम्मानमा निकै आघात पुगेको छ ( बृहत नेपाली शब्दकोष, २०६१) ।

अपाङ्गता शरीरको अवस्था हो । शरीरको कुनै एक वा एकभन्दा बढि अँगहरुले सामान्य रुपमा काम गर्न नसके दैनिक गुजारा चलाउन असजिलो हुन्छ । यस्तो अवस्था नै अपाङ्गता हो । यस प्रंकारको अवस्था स्थायी वा अस्थायी हुनसक्तछ । जुनसुकै व्यक्ति पनि कुनै पनि बेला

अपाङ्ग हुन सक्तछ । अझ भन्ने हो भने सबैजना कुनै न कुनै रुपमा अपाङ्ग हुन्छन् । तर शारीरिक वा मानसिक कारणले दैनिकि कामकाज गर्न सामान्य रुपमा कठिनाइ पर्नेहरुलाई मात्रै अपाङ्ग भन्ने गरिएको छ ।

अपाङ्गताको परिभाषामा एकरुपता पाइदैन । नेपालमा अपाङ्ग कल्याण तथा संरक्षण ऐन, २०३९ मा अपाङ्ग भन्नाले सामान्य दैनिक चर्या गर्न शारीरिक वा मानसिक तवरले असमर्थ वा असक्षम भएको नेपाली नागरिकलाई संझनुपर्छ । भनिएको छ । यसै गरि अपाङ्गताको वर्गिकरण गर्ने क्रममा उल्लेख गरिएका मापदण्डहेर्दा मुख्य रुपमा दैनिक जीवन चर्याका लागि कठिनाइ पर्ने व्यक्तिलाई अपाङ्ग भन्न खोजिएको देखिन्छ । यी सबै परिभाषा र अर्थका आधारमा भन्नुपर्दा शारिरीक वा मानसिक अवस्थाका कारण दैनिक चर्या गर्न कठिन हुने व्यक्तिलाई अपाङ्ग भन्न सकिन्छ ।


नेपालमा अपाङ्ग जनसंख्या कति छ भन्ने बारेमा एकमत छैन । विभिन्न अध्ययन र तथ्यांङ्क सकंलनमा बेग्ला बेग्लै संख्या देखिएको छ । तैपनि नेपालमा सबै प्रकारका गरि कुल जनसंख्याको लगभग १० प्रतिशत अपाङ्ग भएको अनुमान छ । समाजका अरु सदस्यहरु नै यस राष्ट्रका अपाङ्गहरुको पनि अधिकार र कर्तव्य  हुन्छ भन्ने ज्ञान धेरै थोरैलाई छ । यसैले कतिपय ऐनकानुनमा अपाङ्गहरुको अधिकारप्रति ध्यान दिइएको पाइदैन । संसारका अरु समाजमा पनि अपाङ्गहरुको अधिकारहरुलाई सुनिश्चित गर्ने प्रयासको थालनी भर्खरै भएको हो । साँच्चै भन्ने हो भने संयुक्त राष्ट्रसघले २०३७ साललाई अन्तराष्ट्रिय अपाङ्ग बर्षका रुपमा घोषणा गरेर मनाएपछि नै समाजमा अपाङ्गहरुको पूर्ण र समान सहभागिता को धारणा अगाडि आएको हो ।

नेपालमा अपाङ्ग संरक्षण तथा कल्याण ऐन,२०३९ र नियमावली, २०५१ मुख्य कानुनी व्यवस्था हुन् । नेपाल अधिराज्यको संविधान,२०४७ मा पनि अपाङ्गहरुका लागि विशेष व्यवस्था गर्नुपर्ने कुरा उल्लेख भएको छ । ऐन र नियमावलीमा अपाङ्गहरुका लागी शिक्षा प्राप्त गर्ने, स्वास्थ्य सेवा प्राप्त गर्ने, रोजगारीका अवसरहरु प्राप्त गर्ने, स्वरोजगारका अवसरहरु प्राप्त गर्ने, कर छुट पाउने, यातायातमा सुविधा, निशुल्क कानुनी सेवाजस्ता विषयहरु समावेश भएका छन्

**क. अपाङ्गताका प्रकार :**

अपाङ्गताको वर्गीकरणमा पनि एकरुपता छैन । सामान्यतः शारीरिक, दृष्टिहीनता, वहिरोपन र सुस्तः मनस्थिति गरि अपागतालाई ४ प्रकारमा विभाजन गर्ने गरिएको पाइन्छ । नेपाल

सरकारले पनि अपाङ्गपन निर्धारण गर्न गठन गरेको समितिको सिफारिसमा शारीरीका अपाङ्गता, दृष्टिविहीन, दृष्टिदोषी, सुस्त मनःस्थिति, बहिरा र सुस्त श्रवण, मानसिक रोग भनी अपाङ्गताका प्रकारहरुको उल्लेख गरेको छ । तर सुस्त मनःस्थिति मानसिक रोग नभएर अवस्था हो । यसैले हिडडुल गर्न, देख्न, सुन्न कठिन हुने वा नसक्ने र शरीरका तुलनामा मानसिक विकास नभएको समुह गरि मुलतः४ भागमा नै वर्गीकरण गर्नु उपयुक्त देखिन्छ । दृष्टि दोषी र सुस्त श्रवणलाई क्रमशः दृष्टिहीन र बहिरा समुहभित्रै समेटेर हेर्ने गरेको पाइन्छ ।




अतः अपाङ्गतालाई कतै -कतै मुख्य गरि ६ समुहमा विभाजन गरेर हेर्ने गरेको पनि पाइन्छ । जस अनुसार -

क) बुझाई तथा ग्रहणशिलता सम्बन्धि अपाङ्गता भएका व्यक्ति

ख) बहिरो वा कान सुन्नमा समस्या भएका व्यक्ति

ग) दृष्टि विहिन वा न्यून दृष्टि भएका व्यक्ति

घ) शारीरिक अपाङ्गता भएका व्यक्ति

ङ) मानसिक विमारी भएका व्यक्ति

च) अन्य अपाङ्गताहरु आदि (स्रोतः अपाङ्गता भएका व्यक्तिका लागि विशेषज्ञ सेवा,(२०६९) ।

### १. शारिरीक अपाङ्गता ( **Handicap**)

जन्मदैदेखि वा पछि कुनै रोग वा दुरघटनाबाट शरीरको कुनै एउटा एक भन्दा धेरै अँग कमजोर भई हिडडुल लगाएत दिन चर्या गर्न कठिन हुने अवस्था शारीरीक अपाङ्गता हो । सेरेब्रेल पाल्सी पनि शारिरीक अपाङ्गताको एउटा प्रकार हो । सेरेब्रेल पाल्सी (मस्तिष्कको पक्षघात) भएमा जन्मदै वा पछि कुनै रोगका कारण शरीरको केहि वा पुरै भाग अररो हुने, लुलोहुने, त्यस्तो भागमा नियन्त्रण वा सन्तुलन नहुने समस्याले दैनिक जिवन चर्यामा सकस हुन्छ ।

### २. दृष्टिहीनता (**Blind**)

दृष्टिहीनताको अर्थ देख्न नसक्नु हो । एउटा वा दुबै आँखाले आंसिक वा पुरै अवस्थामा राम्ररी काम गर्न नसकी दैनीक जीवन यापनमा कठिनाई पर्ने अवस्था दृष्टिहीनता हो । यसमा पूरै नदेख्ने र आंसिक(नजिक देख्ने) देख्ने गरी मुलतः २ प्रकारका व्यक्तिहरु हुन्छन् । पटक्कै नेदेख्नेहरु र कमदेख्नेहरुको समस्या र अवस्था भिन्न भिन्न  हुन्छ । पटक्कै नदेख्नेहरु सेतो छडिको प्रयोगद्धारा दैनिक जिवन चर्यालाई सहज बनाई रहेका हुन्छन् भने कम देख्नेहरु विभिन्न उपकरणहरुको (लेन्स जडित चश्मा) सहायताले जिवन यापनलाई सहज तुल्याईरहेका हुन्छन् ( रुपान्तरण चौमासिक, राष्ट्रिय अपाङ्ग महासंघ, २०१३) ।

### ३.बहिरोपन (**Deaf**)

कान नसुन्ने अवस्था बहिरोपन हो । यसमा पनि पटक्कै कान नसुन्ने र सामान्य भन्दा कम सुन्ने गरी २ प्रकारका अपाङ्गता देखिन्छ । पटक्कै नसुन्नेहरु मुखले बोल्न पनि सक्दैनन् भने अलिअलि सुन्ने वा पछि बहिरो भएकाहरु मुखले बोल्न त सक्तछन् तर कान भने सुन्न सक्दैनन् । यिनीहरु मध्ये कम सुन्नेहरुले उपहरणको सहायताबाट केहि मात्रामा सुन्न पनि सक्तछन् । तर केहि समय पछि स्वत बोली पनि बन्द हुने संभावना भने उत्तिकै रहन्छ ।

### ४. सुस्त मनस्थिति ( **Intellectual  disability**)

उमेर अनुसारको बुद्धिको विकास नभएर स्वतन्त्र रुपमा दैनिक चर्या गर्न नसक्ने अवस्थालाई सुस्त मनःस्थिति भनिन्छ । यो शारिरीक अवस्था हो मानसिक रोग होइन । सुस्त मनःस्थितिबाहेक निको नहुने (छारे रोगका कारण)सामान्य जीवन विताउन असक्षम

व्यक्तिहरुलाई पनि मानसिक अपाङ्गको कोटीमा राख्ने गरिएको छ । शिक्षा, स्वास्थ्य, सञ्चार, यातायात जस्ता आर्थिक सामाजिक सेवाहरु र रोजगारमा अपाङ्गहरुको पहुँच सुनिश्चित गर्नु राज्यको दायित्व हो । अर्थात यी सेवा र अवसर प्राप्त गर्न अपाङ्गहरुको अधिकार छ । राज्य, समाज र परिवारले सबैभन्दा पहिले अपाङ्गहरुको यो अधिकारलाई मान्यता दिनुपर्छ । यस्तैगरी स्थानीय निकाय र सरकारले यी अधिकार उपयोग गर्न सकिने अवस्था निर्माण गर्नुपर्दछ । अपाङ्गहरुको पहुँच र अवसर बढाउनु पर्छ भन्ने मान्यता राखेर समस्याहरु प्रति संवेदनशिल हुने हो भने यस्ता सामान्य उपाय र प्रविधि अपनाएर पनि महत्वपूर्ण काम हुन सक्दछन् । अपाङ्गहरुको पहुँचको अवसरलाई प्राकृतिक भुबनोटले घटाएको छ । तर सबै भन्दा ठुलो अवरोध त सामाजिक दृष्टिकोणमा छ । भौतिक वातावरणमा रहेका कमजोरी हटाउन पनि सामाजिक मानसिकतामा परिवर्तन हुनुपर्छ ।

नेपालमा अपाङ्गहरुको संख्या यति नै छ भनेर भन्न सक्ने कुनै किसिमको आधिकारीक तत्थ्याङ्क हाल सम्म प्राप्त हुन सकेको छैन । केवल अन्तराष्ट्रिय सघंसस्थाहरुले विभिन्न समयमा गरेका सर्वेक्षण र अध्ययन बाट नेपाल जस्ता विश्वका अति कम विकसित एवंम विकासन्मुख देशहरुमा कुल जनसंख्याको १०% अपाङ्गता छ भन्ने मान्यतालाई आधार बनाई नेपालमा पनि दश प्रतिशत अपाङ्गता छ भन्ने गरिएको पाहिन्छ तर यो आधार भने बास्तविकता भन्दा निकै टाढा रहेको अनुभव गर्न सकिन्छ । हाल हाम्रा अगाडि देखिएका बास्तबिक तथ्याङ्क हुन की मिथ्याङ्क भन्ने बहस चल्दै आइरहेको छ, जसले गर्दा अन्योलको सृजना भएको छ ।

विश्व स्वास्थ्य संगठनको सन् १९८१ को भनाइअनुसार विकासशील राष्ट्रहरुमा कुल जनसंख्याको १० प्रतिशत अपाङ्गहरु हुन्छन् । यस भनाइअनुसार नेपालमा पनि कुल जनसंख्याको १० प्रतिशत अपाङ्गहरु रहेका छन् (२४लाख) भन्ने गरिन्छ । सन् १९७१ को जनगणनाको नमुना सर्वेक्षण अनुसार कुल जनसंख्याको १.५ प्रतिशत अपाङ्ग रहेका छन् । त्यसैगरि सन् २००१ म राष्ट्रिय योजना आयोग बाट गरिएको सर्वेक्षणमा १.६३ प्रतिशत अपाङ्गहरु छन् भनिएको छ । राष्ट्रिय जनगणना २०५८ को सर्वेक्षणले कुल जनसंख्याको ०.४५ प्रतिशत र पछिल्लो जनगणना वि.सं. २०६८ को आधार मा यो संख्या बढेर १.९४ प्रतिशत पुगेको छ । तसर्थ यसरी फरक फरक तत्थ्याङ्क आउनुलाई कुन लाई आधिकारीक मान्ने यो एउटा जटिल प्रश्न हामी सामु रहेको छ (रुपान्तरण, राष्ट्रिय अपाङ्ग महासंघ, २०१३) ।

**तालिका नं. १**

**विभिन्न अध्ययनबाट प्राप्त अपाङ्गता भएका व्यक्तिहरुको तथ्यांङ्क**

| बर्ष/ सन् | अध्ययन सर्वेक्षण | अपाङ्गताको दर | अपाङ्गताको प्रकार | अध्ययन गर्ने सँस्था | कैफियत |
|---|---|---|---|---|---|
| | अपाङ्गता | १०५ | चारै प्रकार | विश्व स्वास्थ्य संगठन | |
| १९८० | अपाङ्गता | ३५ | चारै प्रकार | अन्तराष्ट्रिय अपाङ्ग वर्ष,१९८१ | |
| १९८९ | सुःस्तमनस्थिति | ४.९०५ | एक प्रकार | सुस्तमनस्थिति कल्याण सस्था, हात्तिसार, काठमाडौं | |
| १९९५ | अपाङ्गता | ४.५५५ | चारै प्रकार | शिक्षा तथा खेलकुद मन्त्रालय, केशरमहल,काठमाडौं | |
| १९९५ | अपाङ्गता | ५.०४५ | चारै प्रकार | By ISC in one Tarai district, Kanchanpur Only | तराईको कन्चरपुर जिल्ला मात्र |
| १९९८ | अपाङ्गता | ८.९५ | चारै प्रकार | Impact Nepal | पहाडी जिल्ला सिन्धुली मा मात्र |

| | | | | | |
|---|---|---|---|---|---|
| २००१ | Situation analysis of Disability | १.६३५ | चारै प्रकार | राष्ट्रिय योजना आयोग | |
| २००२ | राष्ट्रियजनगणना | ०.४५५ | चारै प्रकार | केन्द्रिय तथ्याङ्क विभाग | सबै जिल्ला |
| २००५ | अपाङ्गता सर्वेक्षण | ४.८७५ | चारै प्रकार | जिल्लाविकास समिति,सुनसरीरव र्ल्ड भिजन ईन्टरनेशनल नेपाल | तराईको सुनसरी जिल्ला |
| २०११ | राष्ट्रिय जनगणना | १.९४५ | चारै प्रकार | केन्द्रीय तथ्यांङ्क विभाग | सबै जिल्ला |

स्रोतः राष्ट्रिय अपाङ्ग महासंघ- नेपाल, २०७३

**अध्याय तीन**

# अध्ययन विधि

## ३.१ अध्ययन क्षेत्रको परिचय

रुपन्देही जिल्ला नेपाल राज्यको पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत लुम्बिनी अञ्चलका ६ जिल्लाहरु मध्ये तराइमा पर्ने एक जिल्ला हो । ८३°१२'१६" देखि ८३°३८'१६" पूर्वी देशान्तर र २७°२०'००" देखि २७°४७'२५" उत्तरी अक्षांशमा अवस्थित यस जिल्लाको पूर्वमा नवलपरासी, पश्चिममा कपिलवस्तु उत्तरमा पाल्पा जिल्ला र दक्षिणमा भारतको उत्तर प्रदेश पर्दछ । गौतमबुद्धको पवित्र जन्मस्थलको रुपमा विश्वमा नै परिचित यो जिल्ला ऐतिहासिक, भौगोलिक एंव पर्यटकीय दृष्टिले ज्यादै महत्वपूर्ण मानिन्छ । भूतलीय उचाई को हिसावले हेर्दा यो जिल्ला दक्षिणमा समूद्र सतहबाट १०० मीटर र उत्तरमा १२२९ मिटरको उचाइमा अवस्थित छ ।

१३६० वर्ग किलोमिटर क्षेत्रमा फैलिएको यस जिल्लाको नामाकरणको सम्वन्ध भगवान गौतम बुद्ध संग जोडिएको छ । गौतम बुद्धको आमा माया देवी यसै जिल्ला देवदहको भवानीपूरमा जन्मिएकी थिइन । उनी अत्यन्त सुन्दरी भएकोले उनलाई रुपिदेवी भनिन्थ्यो र त्यही शब्द रुपिदेवीवाट रुपिन्देही र रुपन्देही भएको हो भन्ने भनाई छ ।

राजा शुद्धोधनको रानी माया देवी कोलिय राजकन्या रुपादेवी थिइन । शाक्यहरु र कोलियहरुको आवतजावत गर्ने मार्गमा विश्राम स्थलको रुपमा रहेको एउटा वगैचाको नाम यीनै रानीको नामवाट रुपादेवी राखियो । कालान्तरमा उक्त शब्द अपभ्रम्स हुदै रुम्विनी देई, रुमिनी देई हुदै लुम्बिनी र यसैबाट रुपन्देही जिल्लाको नाम रहेको सुन्नमा पाइन्छ । यसरी वनेको लुम्बिनी गाउँ आज पनि दक्षिण पश्चिम रुपन्देहीमा अवस्थित छ ।

जिल्लाको ठूलो क्षेत्रफल मध्ये ७१८७३ हे. खेतियोग्य जमिन ३२००६ हे. वन जंगल तथा वाँकी क्षेत्रफल चट्टान, आवास, खोलानाला, तथा चरन क्षेत्रले ओगटेको छ । भौगोलिक विज्ञानको आधारमा यस जिल्लालाई चुरे क्षेत्र, भावर क्षेत्र र तराई मैदान गरी तीन भागमा विभाजन गरी हेर्न सकिन्छ । समतल तराई मैदान रुपन्देहीको अन्नको भण्डार हो कूल क्षेत्रफलको झण्डै ३ चौथाई भाग यस क्षेत्रले ओगटेको छ । जिल्लाको उत्तरी क्षेत्रमा रहेको चुरे क्षेत्र समतल तराई मैदानको तुलनामा निकै कम छ । चुरे भूभागको प्रायजसो सबै क्षेत्रफल वन जंगलले ढाकेको छ

। जलवायु को दृष्टिले यस जिल्लाको चुरे वाहेक अन्य भूभागमा उष्ण तथा उपोष्ण किसिमको हावापानी पाइन्छ । यहाँको तापक्रम अधिकतम ४३.७° से. र न्यून्तम ८.७५° से. रेकर्ड गरिएको छ । यहाँ सरदर वार्षिक वर्षा १३९१ मि.मि. हुने गरेको तथ्य मौसम विभागको अभिलेखले देखाएको छ । जिल्लाको चुरे र भावर क्षेत्र बाहेक अन्य क्षेत्र अत्यन्तै उर्वरा छ । तिनाऊ, रोहीणी, दानव, पहेला, कञ्चन, कोठी, डण्डा, कोइलीमाई यस जिल्लामा वग्ने महत्वपूर्ण नदीहरु हुन् । राजनैतिक विभाजनको आधारमा यस जिल्लालाई ५ निर्वाचन क्षेत्र, १७ इलाका, २ नगरपालिका र ६९ गा.वि.स.मा विभाजन गरिएको छ ।

| **विवरण** | |
|---|---|
| अक्षांश | २७°२०'००" देखि २७°४७'२५" उत्तरी अक्षांश |
| देशान्तर | ८३°१२'१६" देखि ८३°३८'१६" पूर्वी देशान्तर |
| क्षेत्रफल | १३६० वर्ग किलोमिटर |
| भौगोलिक बिभाजन | चुरे क्षेत्र : १४.५% भावर क्षेत्र : ०.६ % तराई क्षेत्र : ८४.९% |
| प्रशासनिक विभाजन | यस जिल्लामा ६९ गा.वि.स., २ वटा न.पा., १७ वटा इलाका ५ निर्वाचन क्षेत्र पर्दछन् । |

## ३.२ अध्ययन क्षेत्र छनौटको औचित्य

यो अध्ययन क्षेत्र अध्ययन कर्ताको चिरपरिचित भएकोले र यस क्षेत्रका अपांगता भएका व्यक्तिहरुको सामाजिक, सांस्कृतिक पक्षहरुको बारेमा नजिकबाट जानकारी लिने गरेको र अध्ययन कर्ताको रुची पनि यहि विषयमा भएकोले यो क्षेत्र अध्ययनको लागि छानिएको हो । जसमा यो अध्ययन रुपन्देही जिल्ला रुद्रपुर गा.वि.स मा केन्द्रित गरिएको छ । यस गा.वि.स मा रहेका विभिन्न प्रकृतिका अपांगता भएका जम्मा ३० जना मा सिमित गरिएको छ । साथै यस अध्ययनको लागि Content Analysis विधिको प्रयोगको गरिएको छ ।

## ३.३ अनुसन्धान ढाँचा

यो अध्ययनको लागि वर्णनात्मक र अन्वेषणात्मक ढाँचाको प्रयोग गरिएको छ । मुख्यत गुणात्मक तथ्यहरुमा आधारति रहि विवरणात्मक शैलीमा अपांगता भएका व्यक्तिहरुको लागि राज्यले प्रदान गरेका सेवाहरुमा अध्ययन गरि आवश्यक सूचनाका लागि अपांगता सम्बन्धि शैक्षिक ऐन, नियम, नियमावली अर्थात राष्ट्रिय तथा अन्तराष्ट्रिय कानुनी प्रावधानहरुलाईआधार मानी यस शोध कार्यलाई सम्पन्न गरिएको  छ । परिवार र समाजसँगका सम्बन्धका अध्ययन गर्न अन्वेषणात्मक ढाँचाको प्रयोग गरिएको छ ।

## ३.४ तथ्यांकका प्रकृति र स्रोत

यस अध्ययनका लागि संख्यात्मक र गुणात्मक प्रकृतिका तथ्याङ्कहरुको प्रयोग गरिएको छ । आवश्यक तथ्य, सूचनाहरु संकलनका लागि प्राथमिक र द्धितिय दुबै तथ्याङ्कको सहयोग लिइएको छ । प्राथमिक तथ्यांकको लागि रुपन्देही जिल्लाका रुद्रपुर गा.वि.स मा रहेका विभिन्न प्रकृतिका जम्मा ३० जना अपांगता भएका व्यक्तिहरुलाई नमुनाको रुपमा लिइएको छ ।

गैर सरकारी निकायहरु मध्ये राष्ट्रिय अपांग महासंघबाट विभिन्न समयमा गरिएका अध्ययन अनुसन्धानबाट प्राप्त अपांगता सम्बन्धि प्रतिवेदनहरुलाई यस अध्ययनको लागि द्धितिय तथ्यांङ्कका रुपमा लिइएको छ । यसगरि महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय समाज कल्याण परिषद्बाट प्राप्त अपाङ्गता सम्बन्धि सूचनाहरुलाई द्धितिय तथ्याङ्कको रुपमा उपयोग गरिएको छ ।

## ३.५ अध्ययनका समग्र र नमुना छनौट

रुपन्देही जिल्लाका रुद्रपुर गा.वि.स भरिमा २५९ रहेका तथ्याङ्क पाइयो । तर मैले वडा नं.७, ८ र ९ मा झण्डै  ५० अपांगता भएका व्यक्तिहरु सामाजिक सुरक्षा प्राप्त गरेका अपाङ्गता भएका व्यक्तिहरुलाई प्रश्नावली भर्न दिएकोमा जम्मा ३० जनाबाट भरेका प्रश्नावली फिर्ता पाइयो । यस अध्ययनमा ती सबै अपाङ्कगता भएका व्यक्तिहरुलाई समेट्न समय, श्रोत, साधनको सिमितताले गर्दा जम्मा ३० जनालाई उद्देश्यात्मक छनौट विधिको प्रयोगरि नमुना लिइएको थियो ।

## ३.६ जिल्लाको समग्र अपांगताको जनसंख्या र प्रकार

| क्र.सं. | अशक्तता/अपांगताको प्रकार | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १. | शारिरीक अशक्त | ५४९ | ४६० | १००९ |
| २. | अन्धोपन | १६९ | २७३ | ४४२ |
| ३. | बहिरोपन | २०७ | २४० | ४४७ |
| ४. | मानसिक असन्तुलन | १५८ | १३८ | २९६ |
| ५. | बहुअपाङ्गता | १०३ | १२१ | २२४ |
| जम्मा | | ११८६ | १२३२ | २४१८ |

स्रोतः केन्द्रीय तथ्याङ्क विभाग, २०६८

**जिल्ला : रुपन्देही** **गा.वि.स./न.पा. : रुद्रपुर**

| **क्र.सं.** | **पुरुष** | | **महिला** | |
|---|---|---|---|---|
| १ | ४९७ | २,४६१ | १,०१९ | १४४२ |
| २ | ३३० | १,४५५ | ६६४ | ७९१ |
| ३ | ४७५ | २,२४४ | १,०५७ | १,१८७ |
| ४ | ५२१ | २,२५३ | ९७८ | १,२७५ |
| ५ | ३८१ | १,८९७ | ८४८ | १,०४९ |
| ६ | ७१५ | ३, १३४ | १,३६२ | १,७७२ |
| ७ | ४४२ | १,९६८ | ८४७ | १,१२१ |
| ८ | ७२४ | ३,१३६ | १३६८ | १,७६७ |
| ९ | ४८२ | २,१०१ | ९१७ | १,१८४ |
| **जम्मा** | ४५६ | २०,६४९ | ९,०६१ | ११,५८८ |

स्रोतः गा.वि.स. प्रोफाइल, २०६८

## ३.७ तथ्यांक संकलनका साधनहरु

यस अध्ययनमा निम्न साधनहरुलाई प्रयोग गरिएको छ ।

क) अन्तरर्वार्ता सूची

यस अध्ययनको लागि अनुसूचीमा उल्लेखित प्रश्नहरु सोधी आवश्यक सूचनाहरु संकलन गरिएको छ ।

ख. विषेश व्यक्तिसँगको अन्तरर्वार्ता

यस विषय सँग सम्बन्धी स्थानीय सरोकारवालाहरुलाई विशेष व्यक्ति मानिएको छ । उनीहरुलाई आवश्यक सूचनाहरु प्रश्नोत्तर, छलफल र अवलोकनबाट संकलन गरिएको छ ।

## ३.८ सूचना विश्लेषण प्रक्रिया

संकलित सुचनाहरुलाई मुलरुपमा गुणात्मक एवं आवश्यकता बमोजिम परिमाणात्मक रुपमा विश्लेषण र व्याख्या गरिएको छ । प्राप्त तथ्यहरुलाई तालिकाबद्ध रुपमा संख्या र प्रतिशतमा उल्लेख गरि व्याख्या र विश्लेषण गरिएको छ । गुणात्मक विधि अन्तर्गत तर्क संगत आधारमा सूचनाहरुको विश्वलेषण तथा व्याख्या गरिएको छ ।

## ३.९ अध्ययनको सीमा

यो अध्ययन अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९, अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धि महासन्धी, २००६, नेपाल पक्ष राष्ट्र भएको हैसियतले अपांगताको लागि बनेका ऐन, नियमहरु, राष्ट्रिय रुपमा बनेका अपाङ्गताको अधिकार स्थापना गर्ने भनी नेपाल सरकारले गरेका प्रतिबद्धताहरुमा सिमित रहने छ । अतः यो अध्ययन अपाङ्गता भएका व्यक्तिहरुको सवालमा मात्र केन्दीत रहेको छ । जसमा रोजगारी, अन्य भौतिक सुविधाहरु र भौतिक पुर्वाधारहरुको अवस्था जस्ता विषयहरुले पनि संगसँगै जोडिएर आउने हुनाले यस्ता प्रकृतिका विषयहरुले पनि यस अध्ययनमा स्थान पाउने छन् ।

**अध्याय चार**

# अपाङ्गता अधिकार र नेपाल कानुन

## ४.१ अपांग संरक्षण तथा कल्याण ऐन, २०३९

अपाङ्गहरुको संरक्षण तथा कल्याणकारी व्यवस्था गर्न बनेको ऐन ।

नेपालमा सन् १९८२ (२०३९) मा पहिलो पटक सरकारले अपांग सम्बन्धि ऐन जारी गर्‍यो । यसले पहिलो पटक अपांग व्यक्तिहरुलाई विशेष अधिकार र सुविधा प्रदान गर्‍यो । यस ऐनले अपांग व्यक्तिहरुको परिभाषा दिदै भनेको छ - अपांग व्यक्तिहरु भन्नाले त्यस्ता व्यक्तिहरुलाई जनाउँछ जो शारिरीक एवं मानसिक कारणले आफ्ना दैनिक कार्यहरु गर्न असमर्थ छन् । यसमा बोलाई, सुनाई, हाटखुट्टा चलाउन नसक्ने र सबै सुस्तमनस्थिति भएकाहरु समेटिएको छ । साथै सरकारले विशेषज्ञहरुको समिति बनाई सो व्यक्ति अपांग हो होइन छुट्टाउन सक्ने प्रावधान पनि छ (यो भन्दा अघि प्रचलित कानुनमा अपाङ्गहरुलाई खुँडे, लाटो र पागल भन्ने गरिन्थ्यो) ।

तर उक्त ऐनको कार्यान्वयन गर्ने नियम १२ वर्षपछि बन्यो । सन् १९८२ को ऐन र त्यसपछि आएका नियमहरुले नयाँ अधिकार र सेवाहरु ल्याएका छन् :

- **शिक्षा** : कुनै पनि शैक्षिक संस्थाले अपाङ्ग व्यक्तिलाई शैक्षिक शुल्क लिने छैनन् र व्यवसायिक एवं प्राविधिक शिक्षा प्रदान गर्ने सरकारी संस्थाहरुमा ५ प्रतिशत स्थान अपांगठ व्यक्तिका लागि आरक्षित गरिने छ । बौद्धिक अपांगका लागि विशेष सुविधा मिलाइने छ । यसका साथै अपाङ्ग व्यक्तिहरुलाई शिक्षा तथा तालिम दिने संस्थाहरुले सरकारसँग सहयोग माग्नु पर्ने छ । सन् १९८१ म शिक्षा, तालिम र पुनर्स्थापना कार्यक्रम गर्ने हेतुले अपांग सहायता कोष स्थापना गरिएको थियो । यस कोषका लागि वर्षेनी ६० लाख छुट्याइने गरिन्छ र प्रत्येक वर्ष अपांग वच्चालाई १०० देखि ३०० सम्म शैक्षिक छात्रबृति दिइने गरेको पाइन्छ ।
- **स्वास्थ्य** : ५० अथवा सो भन्दा बढि शैया भएका अस्पतालहरुमा अपाङ्ग व्यक्तिका लागि २ शैया छुट्याउनु पर्नेछ । तर, अपाङ्ग बालबालिकाहरुका लागि न निःशुल्क स्वास्थ्य परिक्षण न त उपचारको नै व्यवस्था गरिएको छ । ६५ वर्ष भन्दा माथिका र असहाय अपाङ्ग व्यक्तिका लागि मात्र निः शुल्क उपचार उपलब्ध छ ।

- **रोजगारी** : रोजगार सेवामा अपाङ्गताको कारण देखाई सेवा प्रवेशमा निषेध गर्न पाइने छैन र २५ वा सो भन्दा माथि कामदार राख्ने औद्योगिक संस्थाहरुले शारीरिक क्षमता, तालिम, शिक्षा र अनुभवका आधारमा ५ प्रतिशत स्थान अपाङ्ग व्यक्तिका लागि आरक्षण गर्नुपर्ने छ । यस ऐनले सरकारलाई अपाङ्ग व्यक्तिका लागि स्वरोजगारी कार्यक्रमहरु सञ्चालन गर्न र शहरी क्षेत्रमा आवासको स्थापना गर्न निर्देशन जारी गरेको छ ताकी अपाङ्ग व्यक्तिहरुले काम पाउन सकुन ।
- **यातायात** : ऐनले बस, रेल र हवाई सेवामा लाग्ने शुल्कमा आधा मात्र शुल्क अपाङ्ग र सहयोगीलाई लिने प्रावधान जारी गरेको छ । यस अन्तर्गत शाही नेपाल वायुसेवा निगमले हवाई शुल्कमा मिनाहा गर्न शुरु गर्‍यो र एउटा नीजि बस सेवा समितिले आफ्नो मार्गमा दृष्टिविहिनहरुलाई निःशुल्क सेवा शुरु गर्‍यो ।
- **सामाजिक सुरक्षा** : यस ऐनले सरकारलाई अपाङ्ग व्यक्तिलाई अपाङ्ग भत्ता दिन सक्ने अधिकार दिएको छ । तर आफूसँग रहेको श्रोत साधनमा यसको कार्यान्वयन भरपर्ने छ (अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९) ।

## ४.२ अपाङ्ग संरक्षण तथा कल्याण नियमावली, २०५१

यो नियमावलीको दफा नं.१७ मा अपाङ्गहरुलाई काममा प्राथमिकता दिनुपर्ने, सरकार वा सरकारको पूर्ण वा अधिकाँश स्वाभित्वमा रहेका सँगठित सँस्थाहरुले अपाङ्गहरुको शिक्षा, तालिम र शारिरीक स्थिति अनुकुलको काममा तिनिहरुलाई प्राथमिकता दिनु पर्ने छ साथै सोहि दफाको २ नं.मा अपाङ्ग कर्मचारी र अन्य कर्मचारी विच पारिश्रमिक ,सुविधा र अन्य सेवाका शर्तहरुका सम्बन्धमा कुनै किसिमको भेदभाव गरिने छैन भन्ने कुरा उल्लेख छ भने सोहि दफाको १८ नं.मा आयकर छुट दिइने : १) अपाङ्गहरुलाई रोजगारी दिने कारखानालाई सो कारखानाले अपाङ्गलाई प्रदान गरेको तलव भत्ता वा अन्य कुनै सुविधा वा सहुलियतको अँकमा प्रचलित कानुनको प्रक्रिया पुर्याई पूर्ण रुपले आयकर छुट दिइने छ ।

## ४.३ अपाङ्ग सेवा राष्ट्रिय नीति, २०५४

यो नीतिको दफा ६ नं.मा रोजगार भन्ने शिर्षक उल्लेख गरिएको छ, जसमा भनिएको छ कि क) कर्मचारी तथा मजदुर सँख्याको ५५ मा नघटाई अँपागहरुलाई योग्यता क्षमताको आधारमा नियुक्तिको व्यवस्था मिलाउने,

ख) नेपाल सरकारले कुनै पनि निकायमा वा सँस्थाहरुमा नयाँ भर्ना लिदा कम्तिमा पाँच प्रतिशत अपाङ्गलाई  रोजगारी दिने,

ग) अपाङ्गहरुका लागि सरकारी गैर सरकारी तथा निजि क्षेत्रमा रोजगारीका लागि आरक्षणको व्यवस्था गर्ने भन्ने कुरा को उल्लेख गरिएको पाहिन्छ ।

## ४.४ अपाङ्ग सम्बन्धि राष्ट्रिय नीति तथा कार्ययोजना, २०६३

National Policy and Plan of Action on Disability (NPPAD-2006)

उद्देश्य :

राष्ट्रिय नीति तथा कार्ययोजनाले अपाङ्गता भएका व्यक्तिहरुका लागि समावेशी, अवरोधमुक्त र अधिकारमा आधारित समाजको स्थापना गर्दै राष्ट्रिय विकासको मुल धारमा समाहित गर्ने दीर्घकालिन लक्ष्य लिएको छ ।यस अनुरुपका कार्यहरु निरन्तर एवं समन्वयात्मक  रुपमा कार्यान्वयन हुँदा अपाङ्गता भएका व्यक्तिहरुको जिवन निश्चय नै सहज र सम्मानित हुने विश्वास लिएको छ ।

हाल मुलुकमा सरकारी, गैर सरकारी र निजी क्षेत्रमा अपाङ्ग व्यक्तिहरुको न्युन रोजगारिको बिद्यमान स्थितिमा सुधार ल्याउन सरकारी निकाय र गैर सरकारी सघं सँस्थाहरुमा अपाङ्गहरुका निमित्त तालिम र रोजगारी सुनिश्चित गर्न सकारात्मक विभेदको नीति लिईने छ । रोजगारीको लागि सरकारी गैर सरकारी लगाएतका हरेक क्षेत्रमा ५५  कोटा र तालिमको लागि दश प्रतिशत कोटा आरक्षण गरिने कानुनी व्यवस्था प्रंभावकारी बनाइने छ । अपाङ्गहरुको व्यवसाहिक प्रवर्द्धनका निमित्त व्यवसाहिक एवँ सीपमुलक तालिमलगाएत सहज लघु ऋणको प्रवाह गरी उद्यमशीलता एवँ स्वावलम्बीपनाका लागि कार्य गरिनेछ ।

अपाङ्गको पहुँचलाई सुगम र सरल तुल्याउन सार्वजनिक महत्वका भौतिक संरचनाहरु (चत्र हल, बैंक, विद्यालय, अस्पताल, कार्यालय, सडकपेटी, ट्राफिक चिन्ह, बस, ठुला भवन

आदी) निर्माणको लागि नक्साँकन गर्दा, स्वीकृति दिदाँ अपाङ्गहरुको सहज पहुँच, अपाङ्ग मैत्री ( Disabled Friendly) हुने किसिमले निर्माण मापदण्ड नीति अवलम्वन गरिने छ ।

## ४.५ कार्ययोजनाले समेटेको विषयहरु

यस अपाङ्गसम्बन्धि राष्ट्रिय नीति तथा कार्ययोजनाले देहायका विषय क्षेत्रहरुलाई प्राथमिकताका क्षेत्र मानी यो दश वर्षे राष्ट्रिय नीति तथा कार्ययोजना कार्यान्वयन ढाँचा  तयार गरिएको छ । जसमा उल्लेख भएअनुसार राष्ट्रिय समन्वय, कानुन विधायन, सुचना र अनुसन्धान, जनचेतना र अधिवाचन, तालिम र रोजगारी, पहुँच, सँचार, यातायात, शिक्षा, खेलकुद, साँस्कृतिक तथा मनोरञ्जनात्म क्रियाकलाप, अपाङ्गताको निरोध, स्वास्थ्योपचार, पुनर्स्थापना,सशक्तिकरण र गरिवी निवारण, सहायक साधन र सहायता सेवाहरु, स्वावलम्बी संस्थाहरु, महिला र अपाङ्गता, अन्तराष्ट्रिय तथा क्षेत्रिय सहयोग रहेका छन् ।

**तालिम तथा रोजगारी**

**उद्देश्य** : शीपमुलक तालिमको व्यवस्था गरी अपाङ्गहरुलाई ग्रांमिण तथा शहरी दुबै क्षेत्रका श्रम बजारमा उत्पादनमुलक र लाभदायी रस्वरोजगारको अवसर प्रदान गरिने छ ।

१) सरकारी निकाय र गैर सरकारी संघ संस्थाहरुमा अपाङ्गहरुको तालिमको निमित्त सकारात्मक विभेदको माध्यमबाट छनौट गर्ने नीति लिइने छ ।

२) तालिम दिने संस्थाको कुल संख्याको पाँच प्रतिशत सीटमा अपाङ्गता भएका व्यक्तिहरुलाई निःशुल्क  तालिम प्रदान गरिने छ ।

३) हरेक क्षेत्रमा अपाङ्गलाई रोजगारको सुनिश्चिता गर्न उपयुक्त सकारात्मक विभेदरआरक्षणको निति लिइने छ ।

४) अपाङ्गहरुको रोजगारीको स्थितिको म्बतबदबकभ तयारी र अद्यावधिक गरिनेछ ।

५) अपाङ्गहरुलाई रोजगारीको लागि उमेरको हद बढाई ४० वर्ष पुर्याइनेछ ।

६) अपाङ्गकालागि खोलिने प्राविधिक तालिम केन्द्रको लागि धरौटी शुल्कमा उपयुक्त सहुलियत प्रदान गरिने छ ।

**तालिका नं. २**

## कार्ययोजना

स्रोतः राष्ट्रिय अपाङ्ग महासंघ, २०७२

| सि. नं. | कार्यक्रम | कार्यान्वयन गर्ने निकाय | सहयोगि निकाय | समय अवधि | अनुगमन सुचक |
|---|---|---|---|---|---|
| १. | सरकारी निकायका व्यावसाहिक र रोजगारमुलक सिप विकास तालिम केन्द्रहरुमा पाँच प्रतिशत अपाँगलाई निःशुल्क तालिम प्रदान गर्ने । यसमा महिला अपाङ्गलाई प्राथमिकता दिने । | वतावरण, विज्ञान तथा प्रंविधि, महिला बालबालिका तथा समाज कल्याण, श्रम तथा यातायात व्यवस्था, उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय, समाज कल्याण परिषद् । | स्थानीय निकाय, राष्ट्रिय अन्तर्राष्ट्रिय गैर सरकारी संस्था, प्राविधिक शिक्षा तथा व्यवसाहिक तालिम परिषद । | दशौ र एघारौ योजना अवधि | १)अपाङ्गको तालिममा भर्ना दर । २)महिलाको सहभागिता दर, सँख्या |
| २. | पाँचै विकास क्षेत्रमा एक एक प्राविधिक तथा व्यवसाहिक तालिम केन्द्रहरुलाई अपाङ्गता अनुकुल बनाउँदै सुदृढ तुल्याउने । | शिक्षा तथा खेलकुद मन्त्रालय, अन्राष्ट्रिय दातृ संस्था । | महिला, वालबालिका तथा समाज कल्याण मन्त्रालय, राष्ट्रिय । अन्तराष्ट्रिय गैर सरकारी संस्था | दशौ र एघारौं योजना अवधि | १)सुदृढ र संचालित अपाङ्ग मैत्री प्राविधिक तथा व्यवसाहिक केन्द्रको संख्या २)सेवाको प्रकार र स्तर |

सबै निकाय (सरकारी, गैर सरकारी र निजी) मा अपाङ्गलाई ५५ रोजगारका निमित्त सकारात्मक विभेदको प्रावधान राख्ने र कार्यान्वयन क्रमशः गर्दै जाने ।

कानुन न्याय तथा संसदीय व्यवस्था, महिला, बालबालीका तथा समाज कल्याण, सामान्य प्रशासन, श्रम तथा यातायात व्यवस्था, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय

अन्नराष्ट्रिय श्रम संगठन र राष्ट्रिय। अन्तराष्ट्रिय गैर सरकारी संस्था, समाज कल्याण परिषद

दशौ र एघारौ योजना अवधि

१) अपाङ्गको रोजगार प्रतिशत

२) सकारात्मक विभेदमा कानुनी तथा नीतिगत प्रावधान

अपाङ्ग रोजगारीको विवरण,स्थिति को म्बतबदबकभ तयार गरी अद्यावधिक गर्ने

श्रम तथा यातायात व्यवस्था मन्त्रालय,उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, केन्द्रीय तत्थ्याङ्क विभाग

स्थानिय विकास, शिक्षा तथा खेदकुद मन्त्रालय , स्थानिय निकाय , गै.सं.सं हरु

दशौ योजना अवधि

अद्यावधिक तत्थ्याङ्क विवरण

## ४.६ नेपालको सँविधान,२०७२ अपाङ्गताको परिप्रेक्षमा रहेका सवैधानिक प्रावधानहरु

भाग ३ मौलिक हकको धारा १८ रोजगारी तथा सामाजिक सुरक्षासम्बन्धि हक उपधारा २ : महिला, श्रमिक, बृद्ध, अपाङ्ग तथा अशक्त र असाय नागरिकलाई कानुनमा व्यवस्था भए बमोजिम सामाजिक सुरक्षाको हक हुनेछ।

- भाग ४ राज्यको दायित्व धारा ३३ को उपधारा घ १: मुलुकको राज्य संरचनाका सबै अँगहरु मधेसी,दलित, आदिबासी जनजाति, महिला, मजदुर, किसान, अपाङ्ग, पिछडिएका वर्ग र क्षेत्र सबैलाई समानुपातिक समावेशीको आधारमा सहभागि गराउने।
- भाग ४ राज्यका नितिहरुको धारा ३५ को उपधारा ९ : राज्यले एकल महिला, अनाथ, बालबालिका, असहाय, बृद्ध, अपाङ्ग, असक्त र लोपोन्मुख जातिको संरक्षण र उन्नतिका लागि सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने निति अवलम्वन गर्ने छ।
- भाग २२ विविध धारा १५४ आयोगको गठन : नेपाल सरकारले महिला, दलित, आदिबासि जनजाति, मधेसी, अपाङ्ग, मजदुर वा किसान लगाएत विविध क्षेत्रको हकहितको संरक्षण र प्रवर्द्धन गर्न आवश्यक आयोगहरु गठन गर्न सक्नेछ। त्यस्ता

आयोगहरुको गठन, काम, कर्तव्य  र अधिकार सम्बन्धि कानुन द्धारा निर्धारण भएबमोजिम हुनेछ ।

- भाग ४ राज्यका नीतिहरुको धारा ३५ को उपधारा १४ : राज्यले महिला, दलित, आदिबासि जनजाति, मधेसी, मुस्लिम लगाएत अल्पसंख्यक, भुमिहिन, सुकुम्बासि, कमैया, अपाङ्ग, पिछडिएको क्षेत्र तथा समुदाय र द्बन्द्ब पीडीतका लागि सकारात्मक विभेदका आधारमा विशेष व्यवस्था गर्ने निति अवलम्बन गर्ने छ (स्रोतः नेपालको अन्तरिम संविधान, २०६३) ।

## ४.७ राष्ट्रिय कानुनी प्रावधानहरु

विश्व स्वास्थ्य संगठनले सन् २०११ मा सार्वजनिक गरेको अपाङ्गतासम्बन्धि विश्व प्रतिवेदनले विकासोन्मुख देशहरुमा कुन जनसंख्याको १५ प्रतिशत अपाङ्गता भएका व्यक्तिहरु रहेको अनुमान गरेको छ । यसका आधारमा नेपालमा करिब ४० लाख अपाङ्गता भएका व्यक्तिहरु रहेको अनुमान गर्न सकिन्छ, जसमा सामान्य अपाङ्गता भएका व्यक्तिदेखि पूर्ण असक्त अपाङ्गता भएका व्यक्तिहरु समेत पर्दछन् । आफूलाई अपाङ्गताको वर्गीकरणमा पार्न नचाहने सामान्य अपाङ्गता भएका व्यक्ति र अपाङ्गता भएर पनि राष्ट्रिय वर्गीकरणमा नपरेका व्यक्तिहरुलाई नेपालमा गणनाको दायरामा ल्याउन सकिएको छैन ।

राष्ट्रिय जनगणना-२०६८ अनुसार नेपालमा कुल जनसंख्याको १.९४ प्रतिशत अपाङ्गता भएका व्यक्ति रहेका छन् । देशको कुल जनसंख्या २ करोड ६४ लाख ९४ हजार ५०४ रहेको गणनामा ५ लाख १३ हजार ९९३ जना अपाङ्गता भएका व्यक्ति रहेको उल्लेख गरिएको छ । राष्ट्रिय जनगणना-२०५८ मा अपाङ्गता भएका व्यक्तिहरु ०.४६ प्रतिशत रहेको तथ्यांङ्क भन्दा २०६८ को जनगणनाले तथ्यांङ्कमा केही प्रतिशत प्रगति देखाए पनि अझै यो तस्विर विभिन्न कारणले यथार्थपरक हुन सकेको छैन । अपाङ्गता भएका व्यक्तिहरु मध्ये ५४.४६ प्रतिशत पुरुष र ४५.४४ प्रतिशत महिला भएको देखिन्छ । कुल जनसंख्यामा भने  महिलाको संख्या ५१.५० र पुरुषको संख्या ४८.५० रहेको छ । यसबाट अपाङ्गताको दर महिलाभन्दा पुरुषमा बढि रहेको देखिन्छ । जसको कारण आर्थिक, सामाजिक र  वंशाणुगत पक्षलाई मान्न सकिन्छ । अपांगता भएका व्यक्तिहरु मध्ये ३६.३२ प्रतिशत शारिरीक अपाङ्गता, १८.४६ प्रतिशत दृष्टि सम्बन्धि

अपाङ्गता, १५.४५ प्रतिशत सुनाइसम्बन्धि अपाङ्गता, १.४८ प्रतिशत श्रवण-दृष्टिविहिन अपाङ्गता, ११.४७ प्रतिशत स्वर बोलाईसम्बन्धि अपाङ्गता, ६.०४ प्रतिशत मानसिक अपाङ्गता, २.९० प्रतिशत बौद्धिक अपाङ्गता र ७.५२ प्रतिशत बहु अपाङ्गता भएको जनगणनाको तथ्याङ्गले देखाएको छ (स्रोत : बुलेटिन, केन्द्रीय तथ्याङ्क विभाग, २०६९)

## ४.८ विश्वव्यापी व्यवस्था

संयुक्त राष्ट्रसंघले सन् १९४८ मा मानव अधिकारको विश्वव्यापी घोषणापत्र जारी गरेपछि बौद्धिक अपाङ्गता भएका व्यक्तिहरुका लागि सन् १९७१ म पुनःस्थापना, सामाजिक सुरक्षा, जिवनयापन र उपयुक्त शिक्षा प्राप्त गर्ने अवसरका लागि सरकारलाई जिम्मेवारी दिने घोषणापत्र जारी गर्‍यो । संयुक्त राष्ट्रसंघीय मानव अधिकारसम्बन्धि घोषणापत्र-१९४८ को धारा २६ ले सबै अधिकारको रुपमा घटिमा प्राथमिक तहसम्म निःशुल्क शिक्षा पाउनु पर्ने व्यवस्था गरेको छ । सन् १९९० को जोमटिएन घोषणापत्रले “शिक्षा सबैका लागि हो ” भनी प्रतिवद्धता जनाएको छ ।

संयुक्त राष्ट्रसंघीय अपाङ्गता भएका व्यक्तिहरुको अन्तराष्ट्रिय दशक सन् १९८३-१९९२, अपाङ्गता भएका व्यक्तिहरुका लागि अवसर सामान्यीकरण सम्बन्धि संयुक्त राष्ट्रसंघिय प्रामाणिक नियमहरु-१९९३ को नियम ६ र एसिया तथा प्रशान्त क्षेत्रका अपाङ्गता भएका व्यक्तिहरुको दशक सन् १९९३-२००२ ले अपाङ्गता भएका बालबालिकालाई अधिकारको रुपमा शिक्षाको व्यवस्था गर्नुपर्ने उल्लेख गरेको छ । सन् १९९४ को सालामान्का घोषणाले अपाङ्गता भएका व्यक्तिलगायत विशेषशिक्षाको आवश्यकता भएका सबैलाई शिक्षाको राष्ट्रिय कार्यक्रमको मुलधारमा समावेश गर्नु पर्ने कुरामा जोड दिएको छ । सन् २००० मा सम्पन्न डकार सम्मेलनले विशेष आवश्यकता शिक्षा प्रवर्द्धन गर्नका लागि एसिया तथा प्रशान्त क्षेत्रमा विविध कार्यक्रम सञ्चालन गर्न/गराउन सम्बन्धित सरकारलाई प्रेरित गरेको थियो ।

शिक्षाको प्रशान्त क्षेत्रमा बिवाको सहश्राब्दी कार्ययोजना-२००२ को कार्यान्वयन ढाँचाको प्राथमिक क्षेत्रभित्र तोकिएको लक्ष्य अनुसार सन् २०१५ सम्ममा शत प्रतिशत अपाङ्गता भएका बालबालिकाहरुले प्राथमिक शिक्षा पाउँनु पर्ने उल्लेख गरिएको थियो । यद्यपी सन् २००८ मा यसको मध्यावधि मुल्यांकन गरिदा सो लक्ष पूरा हुने अक्षण देखिएन ।

संयुक्त राष्ट्रसंघको एशिया प्रशान्त क्षेत्रीय आर्थिक सामाजिक परिषद्ले सन् २०१३ देखि २०२२ सम्मका लागि "अधिकार बनाऔं बास्तविकता" (Make the Right Real) अभियान अन्तर्गत दक्षिण कोरियाको एनचियन (Incheon) मा २०१२ नोभेम्बरमा १० वर्षे रणनितीक कार्ययोजना पारित गरेको र यसलाई यस क्षेत्रका सरकारहरुले आत्मसाथ गरिसकेका छन् । त्यो कार्यढाँचाको पाँचौं लक्ष्यले अपाङ्गता भएका बालबालिका का लागि सुरुको अवस्थामा स्याहार र शिक्षा सम्बन्धि ७ वटा सुचकाङ्क निर्धारण गरि लक्ष्य तय गरेको छ । यसको सातौं सुचकांङ्कमा बौद्धिक अपाङ्गता, सिकाई ढिलो हुने र अटिजम भएका बालबालिकासमेतलाई जीवनोपयोगी शिक्षा प्रदान गर्न उपयुक्त पाठ्यक्रम र पाठ्य सामाग्री तयार गरी लागु गर्न सरकारलाई जिम्मेवारी दिएको छ ।

अपाङ्गता भएका व्यक्तिहरुको अधिकारसम्बन्धि संयुक्त राष्ट्रसंघीय महासन्धिको धारा २४ ले सबै अपाङ्गता भएका बालबालिकालाई आफ्नै घरनजिकको समुदायमै शिक्षा प्राप्त गर्ने अवस्था सृजना गर्न र सबै तहमा समावेशी शिक्षा पद्धतिबाट गुणस्तरीय र निःशुल्क शिक्षा प्रदान गर्न पक्ष राष्ट्रहरुलाई जिम्मेवारी दिएको छ ।

## ४.९ शिक्षा सम्बन्धि राष्ट्रिय व्यवस्था

सर्वोच्च अदालतले २०६० कार्तिक २८ गते तत्कालिन मन्त्रि परिषद् सचिवालय, शिक्षा मन्त्रालय, शिक्षा विभाग, विशेष शिक्षा परिषद्को विरुद्धमा र उच्च माध्यमिक शिक्षा परिषद् , रत्नराज्यलक्ष्मी क्याम्पस, नेपाल ल क्याम्पस, पृथ्वी नारायण क्याम्पस पोखरा, सानोठिमी क्याम्पस, विशेष शिक्षा इकाईको बिपक्षमा उक्त मुद्दा थियो । जुन मुद्दाको फैसलामा अपाङ्गता भएका व्यक्तिहरुमा शिक्षाको अधिकारको जानकारी साथै अपाङ्गता भएका व्यक्तिहरुलाई प्राथमिक तह देखि उच्च शिक्षा सम्म कुनै पनि किसिमको शुल्क नलिनु भन्ने आदेश गरेबाट अपाङ्गता भएका व्यक्तिहरुलाई शिक्षा सम्बन्धि चेतनाको विकास भएको पाइन्छ । सरकारको तर्फ बाट पनि अपाङ्गता भएका व्यक्तिहरुका लागि सामाजिक सुरक्षाका कार्यक्रमहरु क्रमशः बढाउँदै लगेको र शिक्षा मन्त्रालयको कार्यक्रममा छात्रबृत्ति, विशेष शिक्षा तथा समाहित शिक्षा कार्यक्रमहरुले पनि यसमा प्रभाव पारेको हो । विद्यालयलाई अपाङ्ग मैत्री बनाउने कार्यक्रम, बहिराहरुकालागि सांकेतिक भाषा र दृष्टिविहिनहरुकालागि ब्रेल लिपीको व्यवस्था आदि कार्यमा

केही हदसम्म भएपनि सरकारी कार्यक्रमहरु कार्यान्वयन भएका हुनाले पनि शिक्षा सम्बन्धि विषयले प्राथमिकता पाएको देखिन्छ ।

नेपालको संविधान, २०७२ को खण्ड ३ को मौलिक अधिकार अन्तर्गत शिक्षाको अधिकारमा बौद्धिक अपाङ्गता भएका बालबालिकालाई निःशुल्क र उपयुक्त शिक्षा दिने कुरा उल्लेख गरिएको छ । साथै निर्देशक सिद्धान्तले अपाङ्गता भएका व्यक्तिहरुको हक, हित तथा संरक्षणको प्रत्याभूति गरेको छ । भने अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ र नियमावली, २०५१ ले अपाङ्गता भएका व्यक्तिहरुको विकास र हित संरक्षणको निमित्त निः शुल्क र गुणस्तरीय शिक्षाको अधिकार स्थापित गरेको छ । यो ऐनमा भएका सबै अपाङ्गता भएका व्यक्तिहरुलाई प्राथमिक तहदेखि उच्च शिक्षासम्म निःशुल्क र अनिवार्य शिक्षा उपलब्ध गराउने व्यवस्था कार्यान्वयनको लागि संमानित सर्वोच्च अदालतबाट नेपाल सरकारका नाममा परमादेश जारी भएको छ । एशिया तथा प्रशान्त क्षेत्रका अपाङ्गता भएका व्यक्तिहरुको विस्तारित दशक (२००३-२०१२), बिवाको सहश्राब्दी कार्ययोजनासमेतका आधारमा मुलुकमा समयबद्ध राष्ट्रिय नीति तथा कार्ययोजना तयार गरी कार्यान्वयन गर्नु आवश्यक भएको हुँदा विभिन्न मन्त्रालय र सम्बद्ध निकाय, नागरिक समाज, अपाङ्गता भएका व्यक्ति र यिनका संस्थाहरुको राय सुझाव समेटि अपाङ्गता सम्बन्धि राष्ट्रिय नीति तथा कार्ययोजना, २०६३ तयार गरिएको छ । यो कार्ययोजनाको नवौं प्राथमिकतामा सबै अपाङ्गता भएका बालबालिकालाई सरकारले पहुँचयुक्त उपयुक्त शिक्षा प्रदान गर्ने नीतिगत व्यवस्था छ ।

शिक्षा ऐन, २०२८ को (सातौं संशोधन) को दफा ६(क) मा विशेष शिक्षाको सञ्चालन साधारण शिक्षासरह हुने उल्लेख छ । शिक्षा नियमावली, २०४९ को ६० मा दृष्टिविहिन, बहिरा, बौद्धिक अपाङ्गता भएका र शारीरिक रुपको कारणले अपाङ्गता भएका बालबालिकालाई विशेष शिक्षा प्रदान गर्न सकिने र नियम ६६ मा विशेष शिक्षा दिने संस्थालाई नेपाल सरकारले निर्धारण गरेबमोजिम सुविधा दिइने उल्लेख छ । त्यहि नियमावलीको १५१(२) मा संस्थागत विद्यालयले कुल विद्यार्थी संख्याको कम्तिमा ५ प्रतिशत गरीब, अपाङ्गता भएका व्यक्ति महिला, दलित र जनजाति समुदायका विद्यार्थीलाई छात्रबृत्ति उपलब्ध गराउने नीतिगत व्यवस्था छ । अपाङ्ग संरक्षण तथा कल्याण नियमावली, २०५१ को दफा १५(१) र (२) मा अपाङ्गता भएका व्यक्तिलाई शिक्षा एवं तालिमको व्यवस्था गर्ने संस्थालाई मन्त्रालयले सहयोग उपलब्ध गराउने

उल्लेख छ । हाल करिब ७३ हजार जति विद्यालय जाने उमेरका अपाङ्गता भएका बालबालिकाले सार्वजनिक विद्यालयमा अध्ययन गर्ने अवसर पाइरहेको कुरा फ्ल्यास रिपोर्टमा उल्लेख छ । करिब २०० जना अपाङ्गता भएका व्यक्तिले स्नातकोत्तर, ९०० जतिले स्नातक, करिब २ हजार जतिले उच्च माध्यमिक र करिब ६ हजार जतिले प्रवेशिका (एस.एल.सी.) उर्तिण गरेको अनुमान गरिएको छ ।

दृष्टिविहिन, बहिरा तथा सुस्तश्रवण र बौद्धिक अपाङ्गता भएका बालबालिकाहरुका शिक्षा विभाग अन्तर्गत मुलुकभरि ३६५ स्रोत कक्षा सञ्चालन भइरहेका छन् । शिक्षा विभागबाट उपलब्ध गराउँदै आएको चार प्रकारको छात्रबृत्ति र विशेष विद्यालय अनुदान बाट ६ हजार २०० जति अपाङ्गता भएका बालबालिकाले विद्यालयमा अध्ययन गर्ने अवसर पाएका छन् । शिक्षा विभागले ७५ रै जिल्लामा अपाङ्गता भएका व्यक्तिहरुलाई छात्रबृत्ति प्रदान गरेको छ भने अपाङ्गता भएका बालबालबालिका का लागि निःशुल्क पाठ्यपुस्तक, शिक्षण सामाग्री एवं उपकरणहरु वितरण गरेको छ । साथै सबै जिल्लामा अपाङ्गता भएका बालबालिकाका लागि लेखाजोखा केन्द्र स्थापना भएको छ । समावेशी शिक्षाको कार्यक्रम ७४ जिल्लाका ४११ विद्यालयमा सञ्चालन भइरहेको छ ।

## ४.१० साक्षरता अभियान, २०७०

राष्ट्रिय जनगणना २०६८ को प्रतिवेदन अनुसार नेपालमा हालसम्म कुल साक्षरता ६५.९ प्रतिशत छ । त्यस मध्ये पुरुष साक्षरता दर ७५.५ प्रतिशत छ र महिला साक्षरता ५७.७ प्रतिशत छ । सबै भन्दा उच्च साक्षरता भएको जिल्ला काठमाण्डौं हो । यहां साक्षरता ८६.३ प्रतिशत छ त्यस्तै सबै भन्दा कम साक्षरता भएको जिल्ला रौतहट हो । यहाँ साक्षरता ४१.७ प्रतिशत छ । अनौपचारिक शिक्षा नीति, २०६३ ले देशमा साक्षरता विकासका लागि केही नीति तय गरेको छ जसअनुसार निरक्षरता उन्मुलन गर्न साक्षरता अभियानलाई प्रमुख आधार बनाइएको छ । प्रौण साक्षरताका लक्ष्य हासिल गर्न विकेन्द्रीकरण, सशक्तिकरण, निजि क्षेत्र तथा राष्ट्रिय र अन्तराष्ट्रिय गैरसरकारी संस्थाहरुसँगहरुको साझेदारीलाई केन्द्रविन्दु बनाए बनाइएको छ । बिद्यालय बाहिर रहेका बालबालिका, आधारभुत साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा हुँदै कक्षा १० सम्मको औपचारिक शिक्षा सरहको शिक्षा प्रदान गरिएको छ । सामुदायिक अध्ययन केन्द्रलाई अनौपचारिक शिक्षाका सम्पूर्ण क्रियाकलाप जस्तै चेतना अभिबृद्धि, साक्षरता, बाल

विकास केन्द्र, बैकल्पिक विद्यालय र आवश्यकतामा आधारित तालिम सञ्चालन गर्ने थलोको रुपमा विकास गरिने छ ।

अनौपचारिक शिक्षा नीतिमा २०६३ मा अनौपचारिक शिक्षा क्षेत्रमा संलग्न संस्थाहरु बीचमा स्रोत आर्जन र परिचालनका लागि सञ्चालन, समन्वय र साझेदारी कायम गर्ने व्यवस्था गरिएको छ । अनौपचारिक शिक्षा केन्द्रको सञ्चालन, समन्वय, सहकार्य र साझेदारीका लागि केन्द्र विन्दुका रुपमा काम गर्दछ । राष्ट्रिय र अन्तराष्ट्रिय सरकारी तथा गैर सरकारी संघ संस्थाहरुले अनौपचारिक शिक्षा क्षेत्रमा संलग्न संस्थाहरुलाई आर्थिक र प्राविधिक सहयोग उपलब्ध गराएका छन् । शिक्षा नियमावली २०५९ मा व्यवस्था भए अनुसार औपचारिक विद्यालयहरु बाट पढ्न र लेख्न नपाएकाहरुका लागि अनौपचारिक बैकल्पिक मोड बाट शिक्षा प्रदान गरिने छ । नेपालको अन्तरिक संविधान, २०६३ ले आधारभुत तहको शिक्षा मातृभाषामा लिन पाउने मौलिक हकको सुनिश्चिता प्रदान गरेको छ । यसका लागि साक्षरतामा प्रयोग हुने पाठ्यपुस्तकलाई क्रमश विभिन्न मातृभाषामा तयार गरिएको छ । आर्थिक वर्ष २०६७६८ सम्म नेपाली भाषाको अतिरिक्त अवधि, मैथिली, भोजपुरी, तामाङ, मगर, लिम्बु, नेवारी, थारु, डोटेल, राई, बान्तवा, मगर काइके (१८ मगरात), गुरुङ, सुनुवार र उर्दु भाषा गरी १४ भाषामा पाठ्य पुस्तक तयार गरिएको छ ।

अनौपचारीक शिक्षा केन्द्रको उद्देश्य राष्ट्रिय शिक्षा नीति अनुरुप साक्षरता, साक्षरोत्तर शिक्षा, निरन्तर शिक्षा तथा सिपमुलक शिक्षा अभिबृद्धि र विस्तारका लागि अनौपचारिक शिक्षाका समग्र पक्षहरु समेटी बार्षिक कार्ययोजना तथा कार्यक्रम निर्माण गरि सुव्यस्थित रुपमा देशभर लागु गर्नु रहेको छ । यस उद्देश्य प्राप्तीका लागि केही उल्लेख्य कार्यक्रमहरु संचालनमा ल्याइएको छ । अनौपचारिक शिक्षा केन्द्रबाट सन् २०१५ सम्म मुलुकबाट निरक्षरता उन्मुलन गर्ने उद्देश्यले साक्षर नेपाल अभियान घोषणा गरिएको छ र यसको उद्देश्य पुरा गर्न विभिन्न लक्षित समुहको लागि फरक मोडेलका साक्षरता कार्यक्रमहरु सञ्चालन गरिएका छन् । अनौपचारिक शिक्षाको पाठयक्रम निर्धारण, पाठयपुस्तकको निर्माण उत्पादन तथा वितरण गरिएको छ त्यस्तै सरकारी तथा गैर सरकारी संघ संस्थाहरुद्धारा सञ्चालित अनौपचारिक शिक्षाका कार्यक्रमहरुमा निर्धारित लक्ष्य हासिल गर्न निशुल्क पाठयपुस्तक उपलब्ध गराई सहयोग तथा प्रोत्साहन गर्ने व्यवस्था मिलाइएको छ । २००४ सालबाट शुरु भएको साक्षरता

शिक्षा २०७० सम्म आई पुग्दा ६५.९ प्रतिशतमा आई पुगेको छ तैपनि देशबाट निरक्षरता उन्मुलन गर्न सहज देखिदैन । १५ वर्षमुनीका स्कुल बाहिरका बालबालिकाहरुलाई शिक्षाको मुलधारमा ल्याउनु त्यतिकै चुनौति पूर्ण छ र स्कुल बाट डप आउट हुने केटाकेटीहरुको संख्या पनि निकै नै रहेको छ । सरकारी र गैर सरकारी निकायहरु बाट निरक्षरता उन्मुलन गर्न प्रयास नगरिएका होइनन् तर उल्लेख्य कारण चुनौतीको रुपमा तेर्सिएका छन् । साक्षरता नेपाल अभियानको यथेष्ट प्रचार प्रसार हुन सकेको छैन । निरक्षरका लागि आवश्यक श्रब्य र दृश्य प्रचार सामग्रीको अभाव छ । कार्यक्रम सञ्चालन गर्ने संस्थाहरुमा समन्वयको विकास हुन सकेको छैन । साक्षरता कक्षा पुरा गरेका हरुका लागि साक्षरोत्तर कक्षाहरुको कमी छ । साक्षरतालाई व्यक्तिगत र सामाजिक समस्याहरु सँग जोड्न सकिएको छैन । स्कुल शिक्षाबाट बन्चित बालबालिकाहरुलाई अनौपचारिक शिक्षाका कार्यक्रमहरुमा समेट्न सकिएको छैन । त्यसैले देशलाई पूर्ण साक्षर बनाएने दिशा तर्फ नागरिक समाज राजनीति पार्टी लगायतका आम सरोकारका निकाय, सञ्चार माध्यम, शिक्षक, विद्यार्थी सबैले साक्षर नेपाल अभियानको मर्मलाई आत्मसात गरि यस महान अभियानमा संलग्न हुनु आवश्यक छ । देश विकासको यस महत्वपूर्ण अनुष्ठानलाई राष्ट्रिय महोत्सवका रुपमा अंगिकार गरी सफल बनाउनु हामी सबै नागरिकको दायित्व हो । सोतः गोरखापत्र, २४ भदौ २०७०, साक्षरता अभियान, पृ.७

## ४.११ शिक्षाको उद्देश्य प्राप्तीमा रहेका चुनौति र समस्याहरु

अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ र नियमावली, २०५१, शिक्षा ऐन, २०२८(आठौं संशोधन) र नियमावली, २०५९ ले अपाङ्गता भएका बालबालिकालाई निःशुल्क शिक्षाको प्रावधान तोकेपनि बहुसंख्यक अपाङ्गता भएका बालबालिकाले सर्वसुलभ र निःशुल्क (घरपायक पर्ने विद्यालयमा पढ्न पाउनु) रुपमा पढ्ने अवसर पाएका छैनन् । यसका साथै अपाङ्गता भएका बालबालिकाको शिक्षा अझै पनि अपेक्षितरुपमा पहुँचयुक्त र जीवनोपयोगी हुनसकेको छैन ।

शिक्षालाई अनिवार्यरुपमा मौलिक अधिकारभित्र व्यवस्थित गरिए पनि नेपालले अन्तराष्ट्रिय समुदायसमक्ष “सबैका लागि शिक्षा”(Education For All) पुऱ्याउने प्रतिवद्धता पूरा गर्न सकेको छैन । हाल अपाङ्गता भएका बालबालिकाहरुको विद्यालय भर्नादर करिब छ प्रतिशतमात्र रहेको छ । यस अर्थमा फ्ल्यास रिपोर्टमा उल्लेख भए अनुसारको ९४ प्रतिशत बालबालिका भर्नादरमा अपाङ्गता भएका बालबालिकाको अवस्था के छ भन्ने सहजै

अनुमान गर्न सकिन्छ । यसका साथै विद्यालय सम्म पुगिसकेका यस्ता बालबालिका स्तरोन्नत र जीवनोपयोगी शिक्षाको अभावमा विद्यालय छाड्न बाध्य हुनेगरेका छन् । प्राथमिक शिक्षा प्राप्त गरेका अपाङ्गता भएका बालबालिकाले अन्य बालबालिका सरह माध्यमिकतहको शिक्षामा अपेक्षित संख्यामा पहुँच पुग्न सकेको छैन । सांकेतिक भाषाका दोभाषेको व्यवस्था र प्रर्याप्त सांकेतिक भाषाको शब्दावली (ख्यअबदगबिचथ) नहुनाले बहिराहरुको उच्च शिक्षामा अपेक्षितमात्रामा पहुँच पुगेको छैन भने दुष्टिविहिनहरुका लागि ब्रेल पाठ्यपुस्तक सहजरुपमा तथा सुन्ने किताब (म्निष्तबि त्बपष्लन द्ययप) नहुनाले उच्च शिक्षा प्राप्त गर्नमा कठिनाई भइरहेको छ । अपाङ्गता भएका व्यक्तिहरुका लागि जीवन उपयोगी प्राविधिक र व्यवसायिक शिक्षाको पर्याप्त व्यवस्था हुनसकेको छैन् ।

शिक्षा मन्त्रालयद्धारा सञ्चालित स्रोत कक्षाहरुमा रहेका बौद्धिक अपाङ्गता भएका बालबालिकाले अन्य बालबालिका सरह माथिल्लो कक्षामा पुग्न सकेका छैनन् । स्रोत कक्षाको वातावरण बालबालिकाको शारीरिक, मानसिक, बौद्धिक र सामाजिक विकास तथा पहुँचका दृष्टिले पर्याप्त अनुकुल हुन सकेको छैन । पर्याप्त तालिम प्राप्त शिक्षक नभएकाले अवस्था चिन्ताजनक छ । शिक्षा मन्त्रालय अन्तर्गत विशेष शिक्षा परिषद् र गैर सरकारी संस्थाहरुद्धारा सञ्चालित विशेष शिक्षाका कार्यक्रमहरु बीच अपेक्षित समन्वयको अभाव छ । अपाङ्गताको क्षेत्र अनुकुल लचिलो पाठ्यक्रमको व्यवस्था नभएको अवस्था छ । दृष्टिविहिन, बहिरा अनुकुल परिक्षा प्रणाली र बौद्धिक अपाङ्गता अनुकुल पाठ्यक्रम नहुँदा मुल्यांकन पद्धतिमा कठिनाई भएको छ । समावशी शिक्षा अनुकुल तालिमको व्यवस्था प्रर्याप्त नभएको अवस्था छ ।

## ४.१२ अपनाउनु पर्ने कार्यदिशा

सबैका लागि शिक्षाको सन्दर्भमा अपाङ्गता भएका बालबालिकाका लागि गुणात्मक शिक्षाको अवसरहरुमा पहुँच बढाउन पर्याप्त व्यवस्था गर्नु पर्ने देखिन्छ । अपाङ्गता भएका बालबालिकालाई सर्वसुलभ एवं अपाङ्गता अनुकुल शिक्षा प्रदान गर्न पूर्वप्राथमिक र शिशु तहदेखि उच्च तहसम्म गुणस्तरयुक्त निःशुल्क शिक्षा प्रदान गर्ने नीति लिइनु पर्दछ । शिशु एवं बालबालिकाको अवस्था पहिचान, अविलम्ब परामर्श र सहयोगसम्बन्धी कार्य रणनीतिको पाँचौं लक्ष अनुसार गर्नु पर्दछ । उमेर पुगेका अपाङ्गता भएका व्यक्तिहरुका लागि अनौपचारीक र जीवनोपयोगी शिक्षा प्रदान गरिनु पर्दछ । अपाङ्गता भएका बालबालिकाको अध्ययन अवसरमा

अभिबृद्धि गर्न एवं गुणस्तीय शिक्षाका लागि  समावेशी शिक्षा पद्धति अपनाइनु पर्दछ । विद्यालयहरुमा अपाङ्गता अनुकुल पूर्वाधार तयार पारी अपाङ्गता भएका बालबालिकालाई घरनजिकैको विद्यालयमा पढ्ने अवसर एवं समावेशी शिक्षा कार्यक्रम क्रमशः लागु गर्नु पर्दछ । बौद्धिक अपाङ्गता भएका बालबालिकाका लागि विशेष शिक्षा परिषद्को कार्यविधि भित्र पर्नेगरि उपयुक्त पाठ्यक्रम र पाठ्य सामाग्री तयार गरी निरन्तर मुल्यांङ्कन पद्धति अपनाउँदै अपाङ्गता भएका बालबालिकाको तहउन्नति अर्थात स्तरोन्नति गर्नुपर्दछ । साथै, शिशुहरुको बौद्धिक अवस्था पहिचान गरी संस्थागत सहकार्यमार्फत सहायता प्रदान गर्नु पर्दछ ।

अपाङ्गता भएका बालबालिकाहरुका लागि विद्यालय र विद्यालय भित्र रहने संरचनाहरु जस्तैः कक्षा कोठा, पुस्तकालय, प्रयोगशाला, क्यान्टिन र शौचालयमा अवरोधमुक्त भौतिक वातावरणको व्यवस्था गरिनुपर्दछ । समावेशी शिक्षा पद्धतिको अधिकतम उपयोगका लागि उपयुक्त र आवश्यक ढाँचामा पाठ्यपुस्तक, शैक्षिक सामाग्री, सहायक सामाग्री र सहायता सेवाको पर्याप्त व्यवस्था गरिनु पर्दछ । साथै स्रोत शिक्षकलाई अन्य शिक्षकसरह समोवशी शिक्षासम्बन्धि  स्तरयुक्त तालिम प्रदान गर्नुपर्दछ । पाठ्यक्रम, पाठ्यपुस्तकहरुमा अपाङ्गता सम्बन्धि जानकारी दिने विषयलाई समोवश गरिनु पर्दछ  र अपाङ्गता भएका व्यक्तिहरु प्रति भेदभाव जनाउने आशयका सन्दर्भ र लेखहरु समावेश गरिनु हुँदैन । उपयुक्त सुविधा सहित उच्च शिक्षामा अपाङ्गता भएका व्यक्तिहरुको पहुँच बृद्धि र विस्तार गरी सबै तहका शिक्षा निःशुल्क गर्नु पर्दछ।

## ४.१३ शिक्षामा पहुँच दर

अपाङ्ग बालबालिकाहरुको शिक्षामा पहुँचबारे आधिकारीक सरकारी तथ्याङ्कको अभावले गर्दा सही जानकारी पाउन अत्यन्त कठिन छ । युनिसेफ र राष्ट्रिय योजना आयोगले गरेको सर्वेक्षणमा कुल जनसंख्याको ४४ प्रतिशतको दाँजोमा ६८ प्रतिशत अपाङ्गले कुनै प्रकारको शिक्षा पाएका छैनन् (स्रोत : नेपालमा अपाङ्गहरुको वस्तुगत अध्ययन, युनिसेफ/राष्ट्रिय योजना आयोग,२०१६) । अर्को शब्दमा उनीहरुको शिक्षामा पहुँच दर पूरा जनसंख्याको भन्दा करिब २५ प्रतिशत भन्दा तल थियो । । ७७ प्रतिशत अशिक्षित महिलाहरुको दाँजोमा ६० प्रतिशत अशिक्षित पुरुषको आँकडा हेर्दा महिलाप्रतिको भेदभाव प्रष्ट देखिन्छ । शिक्षामा पहुँच नहुने अपाङ्गहरुको दर हिमाली प्रदेशमा धेरै छ । जहाँ ७७ प्रतिशत शिक्षा विहिन छन् । जवकी पहाडि भेगको ५८ प्रतिशतको

दाँजोमा । विद्यालय प्रवेशमा पनि दुर्वलताको कारण छ : दृष्टिविहिनहरु भर्ना  नै भएका थिएनन् भने शारिरीक अपाङ्ग ७१ प्रतिशत भर्ना भएका थिए । नेपाल अन्धाकल्याण  संघका अनुसार ६ देखि १४ वर्षका लगभग ४० हजार दृष्टिविहिन मध्ये केबल १ हजार ५ सयले मात्र शिक्षा पाएका छन्, जुन केबल ३.७५ प्रतिशत मात्र हो । यो तथ्यबाट के प्रष्ट हुन्छ भने अपाङ्गका लागि लक्षित आवासिय प्रावधानले मात्र शिक्षासँग सम्बन्धित अनावश्यक भेदभाव निर्मुल गर्न सकिदैन । यो सर्वेक्षणले अपाङ्ग बालबालिकाको शिक्षा क्षेत्रमा क्रमिक सुधार हुँदै गएको देखाएको छ । उदाहरणका लागि १०-१४ वर्षका बालबालिका मध्ये ३४ प्रतिशतले मात्र शिक्षा पाएका थिएनन् । २५-२९ वर्षका र ६५ वर्ष माथिका ६२ प्रतिशत र ९२ प्रतिशतको दाँजोमा तर यो केबल प्राथमिक शिक्षाको तहमा मात्र सिमित छ । शिक्षा विभागका अनुसार अपाङ्ग बालबालिकाहरुले देशमा केही भागमा विशेष शिक्षा पाइराखेको अवस्था छ (बास्तोला, २०७०) ।

## ४.१४ अन्य प्रमुख कानुनी व्यवस्थाहरु

- **शिक्षा नियमावली, २०५१** ले सरकारलाई अपांग व्यक्तिहरुका लागि विशेष नियम तर्जुमा नर्गे अधिकार प्रदान गरेको छ ।
- **समाज कल्याण नियमावली, १९९२** ले सरकारलाई अपांग बालबालिकाका लागि विशेष कार्यक्रम तर्जुमा गर्न सशक्तिकरण गरेको छ र यो ऐन लागु गर्न समाज कल्याण परिषद् स्थापना भएको छ ।
- **बाल संरक्षण ऐन सन् १९९२** बाल अधिकार सम्बन्धि महासन्धि कार्यान्वयन गर्न ल्याइएको हो । यसले अपांग बालबालिका प्रति भेदभाव गर्न नमिल्ने र बाबु आमाले उनलाई स्याहार-सुसार दिन नसकेको खण्डमा अपांग बालबालिकाहरु सरकारी बालगृहमा बस्न सक्ने प्रावधान ल्यायो र सरकारले उनीहरुलाई उचित शिक्षा प्रदान गर्नुपर्ने छ ।
- **स्थानिय स्वायत्त-शासन ऐन, २०६४** ले विपन्न तथा अशक्त नागरिकको सुरक्षा एवं सहयोगको निम्ति कार्यक्रम गर्न गाउँ विकास समिति लाई अधिकार प्रत्यायोजन गरेको छ । यस अन्तर्गत २० प्रतिशत बजेट मानव श्रोतमा लगानी गर्नुपर्ने छ साथै अपांग बालबालिकाको अभिलेख दुरुस्त राख्ने र आवश्यक परेको खण्डमा समायोजन गर्ने जिम्मेवारी पनि तोकेको छ ।

# अध्याय पाँच

# राज्यबाट प्राप्त सेवा सुविधा प्रतिको धारणा तथा समाज र परिवारको दृष्टिकोण

## ५.१ उत्तरदाताहरुको परिचय

यो अध्ययन रुपन्देहि जिल्ला रुद्रपुर गा.वि.स.मा रहेका विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरु गरिएको छ । जसमा कुल अपाङ्गता भएका व्यक्तिहरुको संख्या ७३१ मध्ये शारिरिक अपांगता भएका २० जना, दृष्टिविहिन ३०जना र बहिरा व्यक्तिहरु जम्मा २० जना गरि जम्मा ७० जना रहेकोमा उनीहरुसबैलाई प्रत्यक्ष भेटि प्रश्नावली फारम वितरण गरिएकोमा जम्मा ३० बाट मात्र भरिएको प्रश्नावली फारम प्राप्त भएको थियो । यसैको आधारमा व्याख्या विश्लेषण गरिएको छ । यसमा अनुसूचीमा उल्लेख भएबमोजिम क वर्गको मासिक भत्ता पाउने अपाङ्गता भएका व्यक्तिहरु जम्मा २५ जना र ख वर्गको मासिक भत्ता पाउने अपाङ्गता भएका व्यक्तिहरु ४० जना रहेको जानकारी प्राप्त भएको थियो (रुद्रपुर गा.वि.स.को कार्यालय,२०७३) ।

## ५.२ अपाङ्गता सम्बन्धी ऐन र नियमावलीमा भएको प्रावधानको ज्ञान

### ५.२.१ अपाङ्गता सम्बन्धि नीतिको जानकारी

अपाङ्गता सम्बन्धी नीति भन्नाले अपांगता भएका व्यक्तिहरुको लागि सरकारले बनाउने कानुन हो । जसको आधारमा उनीहरुलाई राज्यबाट प्रदान गरिने सेवाहरु दिने आधार बन्छ । यसै सर्न्दभा अपांगता भएका व्यक्तिहरुलाई आफ्ना हक अधिकारको बारेमा के कति जानकारी छ भनी जान्ने उद्देश्यले अपाङ्गता सम्बन्धि ऐन, नियमावलीको बारेमा जानकारी छ कि छैन भनी गरिएको प्रश्नमा निम्न अनुसारको जवाफ प्राप्त भएको थियो ।

तालिका नं. ३

अपाङ्गता सम्बन्धि नीतिको जानकारी

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | जानकारी छ । | २७ | ९०.०० |
| २. | जानकारी छैन | ३ | १०.०० |
| जम्मा | | ३० | १००.०० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका ३ अनुसार अपाङ्गता सम्बन्धि नीतिबारे ९० प्रतिशतलाई जानकारी रहेको र जम्मा १० प्रतिशतलाई यसबारे जानकारी नरहेको देखिन्छ । यसको आधारमा अपाङ्गता भएका व्यक्तिहरुलाई आफ्नो बारेमा नीती बनेको छ भन्ने कुराको जानकारी विभिन्न सञ्चार माध्यम तथा तालिमहरुबाट जानकारी भएको पाइयो ।

### ५.२.२ जानकरीमा आएका ऐन तथा नियमहरु

अपाङ्गता भएका व्यक्तिहरुले आफ्ना हक अधिकार स्थापित गर्न राज्यले बनाएका नियम कानुनको बारेमा जानकारी राख्नुपर्ने हुन्छ । यसै सन्दर्भमा उनीहरुले आफ्ना हक अधिकारको बारेमा बनेका ऐन, नियमावली सम्बन्धमा के कति जानकारी राख्छन् त भन्ने उद्देश्यले गरिएको प्रश्नमा निम्न अनुसारको जवाफ प्राप्त भएको थियो ।

तालिका नं. ४

जानकारीमा आएका ऐन तथा नियमावलीहरु

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ | १६ | ५३.३३ |
| २. | अपाङ्ग संरक्षण तथा कल्याण नियमावली, २०५१ | ७ | २३.३३ |
| ३. | अपाङ्ग सम्बन्धी राष्ट्रिय नीति, २०६३ | ७ | २३.३३ |
| जम्मा | | ३० | १००.० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका ४ अनुसार अपाङ्गता भएका व्यक्तिहरुलाई कुन ऐनको बारेमा कतिलाई जानकारी छ भनी गरिएको प्रश्नमा अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ को बारेमा जानकारी छ भन्नेको ५३ प्रतिशतले विभिन्न पत्रपत्रिका तथा तालिममार्फत जानकारी भएको पाइयो ।

### ५.२.३ सि.आर.पि.डी. को जानकारी

अपाङ्गता भएकाहरुको लागि संयुक्तराष्ट्रले सर्वप्रथम जारी गरेको अन्तराष्ट्रिय महासन्धी जसलाई सि.आर.पि.डि. भनेर चिनिन्छ । अपांगता भएका व्यक्तिहरुको अन्तराष्ट्रिय कानुन को दस्तावेजलाई नेपाल सरकार पनि अनुमोदन गरेको छ जसले गर्दा यस सम्बन्धमा पनि

उनीहरुमा जानकारी लिने उद्देश्यले यसको बारेमा कतिलाई जानकारी छ भनेर गरिएको प्रश्नमा निम्न अनुसारको जवाफ प्राप्त भएको थियो ।

तालिका नं. ५

सि.आर.पि.डी. को जानकारी

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | जानकारी छ | १४ | ४६.६६ |
| २. | जानकारी छैन | १६ | ५३.३३ |
| जम्मा | | ३० | १००.० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका ५ बाट अधिकांश अपांगता भएका नागरिकहरुलाई अझै पनि सी.आर.पि.डी. बारे जानकारी नभएको कुरा यस अध्ययनबाट ज्ञान हुन आउँछ । किनभने उनीहरुमा अन्तराष्ट्रिय भाषाको कमिको कारण यसबारे जानकारी नभएको बताए । जानकारी छ भन्नेको प्रतिशत ४६ र जानकारी छैन भन्नेको प्रतिशत ५३ रहेको छ ।

### ५.२.४. अपाङ्ग मैत्री भौतिक संरचना बारे

अपांग मैत्री भौतिक संरचाना भन्नाले अपांगता भएका व्यक्तिहरुले कुनै अबरोध विनानै आवत जावत गर्न सक्ने भौतिक संरचनाई जनाउछ । अपांगता भएका व्यक्तिहरुलाई सेवा सुविधा उपभोग गर्न आवश्यक पर्ने माध्यम हो । यस बारेमा भौतिक संरचना अपांग मैत्री छ छैन बारेमा जानकारी लिने उद्देश्यले गरिएको प्रश्नमा निम्न अनुसारको जवाफ प्राप्त भयो ।

तालिका नं. ६

अपाङ्ग मैत्री भौतिक संरचना बारे

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | अपाङ्गमैत्री सरकारी सेवा प्रदायक कार्यालयहरु | ३ | १०.०० |
| २. | सार्वजकि शौचालय | ४ | १३.३३ |
| ३. | अपांग मैत्री अस्पताल | ३ | १०.०० |
| ४. | अपांग मैत्री सडक | २ | ६.६६ |
| ५. | माथीका सबै | १८ | ६०.०० |
| जम्मा | | ३० | १००.० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका ६ अनुसार अपाङ्गमैत्री  वातावरण भन्नाले कुन-कुन पक्षलाई बुझिन्छ भन्ने जिज्ञासामा अपाङ्गमैत्री सरकारी सेवा प्रदायक कार्यालयहरुमा १० प्रतिशत, अपाङग्मैत्री पानी/धारा, सार्वजनिक शौचालय १३ प्रतिशत, अपाङ्ग मैत्री अस्पतालमा १० प्रतिशत, अपाङ्गमैत्री सडक ६ प्रतिशत र माथीमा सबैमा ६० प्रतिशत रहेको देखिन्छ किनभने यस आधारमा के भन्न सकिन्छ भने कुनै एक पक्षमा मात्र ध्यान दिएर पुग्दैन यसकालागि सबै पक्षमा उत्तिकै ध्यान दिनु पर्ने देखिन्छ भन्ने कुरा उत्तरदाताको राय थियो ।  यस कारण अपाङ्ग मैत्री भन्ने विषयमा सम्बन्धित पक्षहरु सबै जानकार रहेको पाइयो ।

### ५.२.५ सरकारी सेवाप्रदायक निकायहरुको व्यवहार

अपाङ्गता भएका व्यक्तिहरुलाई सरकारी सेवा प्रदायकले कहिलेकाही झमेला पार्ने गरेको र कहि सहज रुपमा व्यवहार हुने गरेको बताएका थिए यसमा के छ भनी उनीहरुको थप धारणा बुझ्ने उद्देश्यले गरिएको जिज्ञासामा निम्न अनुसारको जवाफ प्राप्त भएको थियो ।

तालिका नं. ७

सरकारी सेवाप्रदायक निकायहरुको व्यवहार

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | सहयोगी छ । | १० | ३३.३३ |
| २. | ढीला सुस्ती छ । | २ | ६.६६ |
| ३. | झन्झटिलो छ । | १ | ३.३३ |
| ४. | प्राथमिकता दिने गरेको छ । | १७ | ५६.६६ |
| जम्मा | | ३० | १००.० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका ७ अनुसार अपाङ्गता भएका व्यक्तिहरुलाई सरकारी सेवा लिन जादा कस्तो अनुभव छ भन्ने प्रश्नमा उनीले व्यक्त गरे अनुसार प्राथमिकत दिने गरेको भन्नेको सबैभन्दा धेरै ५६ प्रतिशत र झन्झटिलो छ भन्नेको अत्यन्त न्युन अर्थात ३ प्रतिशतको राय पाइयो । यसको आधारमा सेवा प्रदायक सरकारी कार्यालयहरुले पनि अपाङ्गता भएका व्यक्तिहरुलाई प्राथमिकता दिएर सेवा प्रदान गर्ने गरेको स्वयमं उत्तरदाताहरु बताउँछन् । किनभने सरकारी सेवाप्रदायक

निकायलाई अपांगता अधिकारको बारेमा केही हदसम्म जानकारी भएकोले सहयोगि व्यवहार गरेको पाइयो ।

### ५.३ अपाङ्गता भएका व्यक्तिहरुलाई राज्यबाट प्रदान गरिएका सेवा सुविधाहरु

#### ५.३.१ प्रदान गरिएका सुविधाहरु सम्बन्धमा

अपांगता भएका व्यक्तिहरुलाई राज्यले विभिन्न सेवा सुविधा प्रदान गर्ने गर्दछ । यसै सन्दर्भमा के कस्ता सेवा सुविधाहरु उनीहरुले जानकारी छ त भनी जान्ने उद्देश्यले गरिएको प्रश्नमा निम्न अनुसारको जवाफ प्राप्त भएको थियो ।

तालिका नं. ८
प्रदान गरिएका सुविधा

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | सामाजिक सुरक्षा भत्ताको व्यवस्था | २५ | ८३.३३ |
| २. | शिक्षा निःशुल्क | २ | ६.६६ |
| ३. | स्वास्थ्यमा सहुलियत | १ | ३.३३ |
| ४. | सरकारी सेवामा आरक्षणको व्यवस्था | १ | ३.३३ |
| ५. | यातायातमा सिट आरक्षण र भाडा छुट | १ | ३.३३ |
| जम्मा | | ३० | १००.० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका ८ मा राज्यबाट प्राप्त सुविधाहरुमा उत्तरदाताहरुबाट सामाजिक सुरक्षा भत्ताको व्यवस्था भन्नेमा ८३ प्रतिशत देखियो किनभने अपाङ्गता भएका व्यक्तिहरुले आफैले गा.वि.स.मा यस्तो सुविधा उपभोग गरिरेहको पाइयो । शिक्षा निःशुल्क छ भन्नेमा ६ प्रतिशत, स्वास्थ्यमा सहुलियत छ भन्नेमा ३ प्रतिशत, सरकारी सेवामा आरक्षणको व्यवस्था छ भन्नेमा ३ प्रतिशत र यातायातमा सिट आरक्षण र भाडा छुट छ भन्नेको ३ प्रतिशत पाइयो ।

#### ५.३.२ उपभोग गरिएका सेवा सुविधासम्बन्धमा

सरकारले अपांगता भएका व्यक्तिहरुलाई विभिन्न सेवा सुविधाहरु प्रदान गरेको छ । ती सेवा सुविधाहरु उनीहरुले के कस्तो उपभोग गरिहेका छन् भनी जान्ने उद्देश्यले गरिएको प्रश्नमा निम्न अनुसारको जवाफ प्राप्त भएको थियो । जसलाई तलको तालिकामा उल्लेख गर्न सकिन्छ ।

तालिका नं. ९
उपभोग गरिएका सेवा/सुविधा

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | सामाजिक सुरक्षा भत्ताको पाएको | ११ | ३६.६६ |
| २. | शिक्षा निःशुल्क | २ | ६.६६ |
| ३. | स्वास्थ्यमा सहुलियत | ४ | १३.३३ |
| ४. | यातायातमा सिट सुरक्षित गरिएको | १३ | ४३.३३ |
| जम्मा | | ३० | १००.० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका ९ अनुसार यातायातमा सिट सुरक्षित गरिएकोबाट सहज यात्रा गर्न पाएको भन्नेको प्रतिशत सबैभन्दा बढि ४३ प्रतिशत देखिन्छ । किनभने सवारी साधनका कर्मचारीहरुले नै यस्तो सुविधा दिने गरेबाट यस्तो जानकारी रहेको पाइयो । त्यसैगरि सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नेको ३६ प्रतिशत, स्वास्थ्यमा सहुलियत पाएको भन्नेको १३ प्रतिशत र शिक्षा निशुल्क पाएको भन्नेको जम्मा ६ प्रतिशत पाइयो । यस आधारमा अध्ययन गरिएका व्यक्तिहरुमा यातायातमा अपाङ्गता भएकालाई सिट सुरक्षित सँग उपयोग गर्न पाएकाको प्रतिशत उच्च देखिनुले अझै पनि अपाङ्गता भएकालाई सबै नियम कानुनको बारेमा जानकारीको अभाव रहेको छ भन्न सकिन्छ ।

## ५.४ सामाजिक सुरक्षा प्राप्त अपाङ्गता भएका व्यक्तिहरुलाई समाज र परिवारले गरेको व्यवहार

### ५.४.१ परिवारले गर्ने व्यवहार

अपांगता भएका व्यक्तिहरुलाई उनीरुको प्रकृति अनुसार सामाजिक सुरक्षा स्वरुप मासिक रुपमा भत्ता दिने व्यवस्था गरिएको छ । यस्तो भत्ता पाउन थालेपछि उनीहरुलाई परिवारले कस्तो व्यवहार गर्ने गरेका छन् भनी जान्ने उद्देश्ले  सोधिएका जिज्ञासामा निम्न अनुसारको जवाफ प्राप्त भएको थियो ।

तालिका नं. १०

अपाङ्गता भएका व्यक्तिलाई परिवारले गर्ने व्यवहार

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | राम्रो छ । | १९ | ६३.३३ |
| २. | ठीकै छ । | ५ | १६.६६ |
| ३. | पहिला भन्दा फरक । | ३ | १०.०० |
| ४. | चाहिने भन्दा बढि माया | ३ | १०.०० |
| जम्मा | | ३० | १००.० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका १० मा अपाङ्गता भएका व्यक्तिलाई परिवारले गर्ने व्यवहारको बारेमा राम्रो छ भन्ने सबैभन्दा बढि ६३ प्रतिशत रहेको छ । त्यसैगरि ठिकै छ भन्नेको १६ प्रतिशत, पहिला भन्दा फरक छ भन्नेको १० प्रतिशत र चाहिने भन्दा बढि माया दिने गरेका छन् भन्नेको १० प्रतिशत पाइयो । यस आधारमा सामाजिक सुरक्षा भत्ता प्राप्त अपाङ्गता भएका व्यक्तिहरुलाई परिवारले राम्रो व्यवहार गर्ने गरेको पाइयो । यो किन भन्ने प्रश्नमा उनीहरुले आफूले मासिक रुपमा सरकारबाट भत्ता प्राप्त गर्न थालेपछि आर्थिक भार परिवारमा कम पर्न गएकोले पनि उनीहरुले गर्ने व्यवहारको फरक हुँदै आएको स्वयमं उत्तरदाताहरु बताउँछन् ।

### **५.४.२ समाजले गर्ने व्यवहार**

अपांगता भएका व्यक्तिहरुलाई उनीरुको प्रकृति अनुसार सामाजिक सुरक्षा स्वरुप मासिक रुपमा भत्ता दिने व्यवस्था गरिएको छ । यस्तो भत्ता पाउन थालेपछि उनीहरुलाई समाजले के कस्तो व्यवहार गर्ने गरेका छन् भनी जान्ने उद्देश्ले सोधिएका जिज्ञासामा निम्न अनुसारको जवाफ प्राप्त भएको थियो ।

तालिका नं. ११

अपाङ्गता भएका व्यक्तिलाई समाजले गर्ने व्यवहार

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | राम्रो छ । | २ | ६.६६ |
| २. | ठीकै छ । | २ | ६.६६ |
| ३. | पहिला भन्दा फरक छ । | २४ | ८०.०० |
| ४. | उस्तै छ । | २ | ६.६६ |
| जम्मा | | ३० | १००.० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका ११ मा सामाजिक सुरक्षा प्राप्त अपाङ्गता भएका व्यक्तिहरुलाई समाजले गर्ने व्यवहारमा पहिला भन्दा फरक छ भन्नेको ८० प्रतिशत  रहेको पाइयो । यसैगरि राम्रो छ, ठिकै छ, उस्तै छ भन्नेको ६/६ प्रतिशत पाइयो । यस आधारमा सामाजिक सुरक्षा प्राप्त गर्न थालेपछि समाजले पनि पहिला भन्दा फरक र सम्मानित व्यवहार गर्न थालेको कुरा उत्तरदाताहरु बताउँछन् । समाजले तपाईलाई किन फरक व्यवहार गर्न थाल्यो होला भन्ने जिज्ञासामा सरकारले भत्ता दिन थालेकोले र आफूहरु विस्तारै आर्थिक रुपमा सबल हुन थालेकोले भन्ने जवाफ दिएका थिए ।

### ५.४.३ फरक व्यवहार गर्नुको कारण

अपांगता भएका व्यक्तिहरुमा परिवार र समाजले गर्ने पहिलो र अहिले गर्ने व्यवहारमा फरक आएको बताएका थिए यसकारण किन फरक व्यवहार हुन्छ त भनि गरिएको प्रश्नमा निम्न अनुसारको जवाफ प्राप्त भएको थियो ।

तालिका नं. १२

फरक व्यवहार गर्नुको कारण

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | आर्थिक रुपमा सबल हुन थालेकोले । | २५ | ८३.३३ |
| २. | सरकारले माया गरेकोले । | २ | ७.६६ |
| ३. | अपाङ्गता अधिकार जानेकोले । | २ | ७.६६ |
| ४. | राजनीतिक चेतनामा बृद्धि भएकोले । | १ | ३.३३ |
| जम्मा | | ३० | १००.० |

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका १२ मा अपाङ्गता भएका व्यक्तिहरुलाई किन परिवार र समाजे फरक व्यवहार गर्न थाल्यो भन्ने जिज्ञासामा सबैभन्दा बढि ८३ प्रतिशतले आथिक रुपमा सबल हुन थालेकोले भन्ने जवाफ दिएका थिए । त्यसैगरि सरकारले माया गरेकोले भन्नेको ७ प्रतिशत, अपाङ्गता अधिकार जानेकोलृ भन्नेको पनि ७ प्रतिशत र राजनीतिक चेतनामा बृद्धि भएकोले भन्नेको ३ प्रतिशत रहेको पाइयो । यस आधारमा अपाङ्गता भएका व्यक्तिहरुले सामाजिक सुरक्षा भत्ता पाउन थालेपछि उनीहरुको आत्मसंमानमा बृद्धि हुँदै आएको तथा परिवार र समाजबाट पनि अपांगता अधिकारको जानकारी भएकोले यस्तो व्यवहार गरेको पाइयो ।

## परिच्छेद छ
# सारांश, निष्कर्ष तथा सुझावहरु

### ६.१ सारांश

प्रस्तुत अध्ययन अपाङ्गता व्यक्तिका लागि राज्यले उपलब्ध गराएका सेवा सुविधा भन्ने शिर्षकमा गरिएको छ । यस अध्यनमा अपांगता भएका विभिन्न्न प्रकृतिका व्यक्तिहरु जसले सामाजिक सुरक्षा भत्ता पनि प्राप्ने गरेका छन् उनीहरुमा सीमित रहेको छ ।

यस अध्ययनको लागि अपाङ्गता सम्बन्धी ऐन र नियमावलीमा भएका प्रावधानहरुको अध्ययन गर्नु, अपाङ्गगता भएका व्यक्तिहरुले राज्यबाट प्रदान गरिएका सेवा सुविधाहरुको सम्बन्धमा सम्बन्धीत व्यक्तिहरुको धाराणा पत्ता लगाउनु र सामाजिक सुरक्षा भत्ता प्राप्त व्यक्तिहरुलाई समाज र परिवारले गरेको व्यवहारको बारेमा अध्ययन गर्नु रहेको थियो ।

यस अध्यनको लागि वर्णनात्मक र विश्लेषण अध्ययन विधिको आधारमा तयार गरिएको छ । यसका लागि विभिन्न प्रकृतिका अपाङ्गता भएका व्यक्तिहरु मध्ये जम्मा ३० जनालाई नमुनाको रुपमा लिई उनीहरुलाई प्रतिनिधि पात्र मानी उनीहरुलाई प्रश्नावली भराई प्राप्त तथ्यहरुको आधारमा विश्लेषण गरि निचोड मा पुगिएको छ । यसमा अध्ययनकर्ताको क्षेत्र भ्रमण तथा अन्तर्वाताबाट प्राप्त अनुभवलाई पनि यसमा समावेशगरि शोधकार्यलाई पूर्णता प्रदान गरिएको छ ।

माथिको तालिकाहरु अनुसार अपाङ्गता सम्बन्धि नीतिबारे ९० प्रतिशतलाई जानकारी रहेको छ । अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ को बारेमा जानकारी छ भन्नेको ५३ प्रतिशतलाई सि.आर.पि.डि.को जानकारी छैन । अपाङ्ग मैत्री भौतिक संरचना बारेको जानकारी ६० प्रतिशतलाई रहेको छ । ५६ प्रतिशतले सरकारी सेवाप्रदायक निकायले प्राथमिकता दिने गरेको पाइयो । राज्यबाट प्रदान गरिएको सामाजिक सुरक्षा भत्ता ८३ प्रतिशतले प्राप्त गरेका छन् । ४३ प्रतिशतले यातायातमा सिट आरक्षण सिटको सदुपयोग गरेका छन् । त्यसैगरि ६३ प्रतिशतले परिवारबाट राम्रो व्यवहार पाएका छन् । ८० प्रतिशतले समाजले पहिला भन्दा फरक व्यवहार गरेको पाइको बताए । ८३ प्रतिशले पहिला आर्थिक रुपले सबल हुन थालेकोले फरक व्यवहार गर्ने गरेको पाइयो ।

## ६.२ निष्कर्ष

अपाङ्गता भएका व्यक्तिहरुमा केन्द्रीत यस अध्ययनको निष्कर्षलाई सक्षिप्तमा रुपमा उल्लेख गर्नुपर्दा । अपाङ्गता भएका व्यक्तिहरुले राज्यबाट पाउने सुविधाहरु अझै सम्म सहि रुपमा पाउन सकिराखेको अवस्था पाइएन । त्यसैगरि अपाङ्गता भएका व्यक्तिहरुलाई उपकारमुखी भन्दा अधिकारमुखी सोचमा रुपान्तरण हुदैछ । भौतिक संरचनाहरु अपाङ्गमैत्री नभएको कारण उनीहरुको दैनिकी सामान्य हुन नसकेको पाइयो । यसका लागि बनी सकेका र अव बन्ने भवन, सडक आदिमा अपाङ्गमैत्री बनाउनु पर्ने देखिन्छ । अपाङ्गता भएका नागरिकहरु आफ्नो हकअधिकार तथा उत्पादनशील आयमुलक रोजगार तथा स्वरोजगारमा अग्रसर हुने उचित वातावरणको अभाव रहेको पाइयो । सामाजिक सुरक्षाभत्ता प्राप्त गरेकाहरुलाई परिवार र समाजले पहिले भन्दा फरक र सम्मानित व्यवहार गर्न थालेको कुरा अध्ययनबाट जाकारी हुन आयो । किन भन्ने अध्ययनमा उनीहरुले मासिक रुपमा भत्ता पाउन थालेपछि सामान्य खर्च गर्न अरुको मुख ताक्नु नपरेको र परिवार बाहिरका सदस्यहरु र समाजका व्यक्तिहरुले *'अलि राम्रो हेरविचार गर्नु नी, उसलाई त सरकारले भत्ता दिन थाल्यो, त्यसैले राम्रो लुगा किनिदिनु, राम्रो खाना र सरसफाईमा ध्यान दिनु '* भनेर आफ्नो परिवारमा भन्न आउने गरेबाट यसरी अरुबाट फरक व्यवहार हुन थालेको अनुभव भएे कुरा बतएका थिए ।

अतः सम्पन्न परिवारले अपाङ्गता भएका सन्ततीहरुलाई बाहिर ल्याउन नचाहनु, उनीहरुलाई प्रतिष्ठासँग जोड्नु तथा निरपेक्ष गरिबीको दायराभित्र रहेका समुदायले अपाङ्गता प्रतिको अनभिज्ञता, अविश्वास तथा चेतनाको कमीले बाहिर ल्याउन नसक्नु जस्ता अवस्थाले गर्दा उर्वर उमेरका विभिन्न प्रकृति अनुसारका लाखौ अपाङ्गता भएका व्यक्तिहरुले दीनहीन अवस्थामा आफूसँग भएको उर्वरा शक्ति, जोस, जाँगर र हिम्मतलाई कुण्ठित पारी घरको परिधिभित्र सीमित रहेको र कतिपय व्यक्तिहरुलाई साङ्लोले बाँधेर राखेका अवस्थाहरु इत्रतत्र रहेको कुरा सुन्नमा आउँछ । सन् १९६० को दशकदेखि अपाङ्गता क्षेत्रबाट सुधारमा संकेटहरु देखिए पनि तत्पश्चात हालसम्म राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा जे जति कानुन र महासन्धीहरु बनेपनि अपाङ्गता भएका व्यक्तिहरुको अधिकार, अवसर तथा सशक्तिकरणमा खासै आशालाग्दो अवस्था भने पाइदैन ।

## ६.३ सुझावहरु

१) अपाङ्गता भएका व्यक्तिहरुलाई बढि भन्दा बढि अपाङ्गता अधिकारको बारेमा सचेत र जागरुक बनाउने तर्फ सम्बन्धित निकायले पहल गर्नु पर्ने देखिन्छ ,

२) अझै पनि समाजमा अपाङ्गता भएकालाई हेर्ने दृष्ट्रिकोण सकारात्मक भैनसकेकोले जनचेतना फैलाउनु पर्ने देखिन्छ ,

३) अपाङ्गता भएका व्यक्तिहरुलाई संमानपूर्वक जीवन यापन गर्न दिइरहेको सामाजिक सेवाको रकमलाई समय सापेक्ष अनुसार बढाउदै लैजानुपर्ने देखिन्छ ।

४) अपाङ्गताको प्रकृतिको आधारमा विशेष व्यवस्था अर्थात प्रयाप्त मात्रामा शिक्षा, स्वास्थ्य, रोजगारी र मनोरञ्जनमा सहभागि हुने वातावरणको सुनिश्चिता गर्नुपर्ने देखिन्छ ,

५) अपाङ्ग शसक्तिकरणको लागि सरकारी तथा निजी क्षेत्रहरुले समन्वय गरि तालिम र तालिम पछि रोजगारी दिने वातावरण तयार गर्न सकेको खण्डमा अन्य नागरिक सरह आर्थिक क्रियाकलापमा सक्रिय भई प्रत्यक्ष वा अप्रत्क्ष रुपमा राष्ट्रलाई सहयोग पुराउन सक्ने कुरामा दुई मत देखिदैन,

६) अपाङ्गता भएकाहरुको सबैभन्दा ठुलो सुनौति भनेको भौतिक संरचनाको निमार्ण अपाङ्गता मैत्री नुहुनेले सृजना गरेको देखिन्छ यसकालागि भौतिक संरचनाहरु अपाङ्गमैत्री हुनुपर्ने देखिन्छ ।

अत :

यो अध्ययन अपाङ्गता भएका व्यक्तिहरुमा सानो संख्यामा गरिएकोले यस अध्ययनले धेरै संख्यालाई समेटन सकिएको छैन, यसका लागि आफ्नै कठिनाई रहे तर यो एउटा सानो प्रयासले यस क्षेत्रमा थप अध्ययन गर्न चाहने जो कोहिको लागि केहि मार्ग दर्शन गर्न सकेमा मेरो प्रयास सार्थक रहेको ठान्ने थिए ।

# सन्दर्भ ग्रन्थ सूची

अपाङ्ग समाज (२०६८), *अपाङ्गता भएकाहरुको अभियान,* काठमाडौं : अपाङ्ग समाज ।

*अपाङ्गता भएकाहरुको लागि विशेष सेवा* (२०६९), काठमाण्डौः ह्यान्डी क्याप इन्टरनेशनल नेपाल ।

अपाङ्ग आवाज(२०६९), *रुद्रपुर अपांगआवाज,* रुपन्देहीः अपाङ्ग मानवअधिकार केन्द्र,  ।

कोइराला, धर्मअवतार(२०६५),*अपाङ्गता सम्बन्धि नियमहरुको संगालो,* त्रिभुवन विश्वविद्यालयः स्नातकोत्तर तहको अप्रकाशित शोधपत्र,जनप्रशासन क्याम्पस, काठमाण्डौं ।

गोरखापत्र (२०६९), *जनगणनाको अन्तिम नतिजा,* धर्मपथ काठमाडौं : गोरखापत्र संस्थान ।

नेपाल सरकार(२०६७),*नेपालको संविधान,* (२०७२) (संशोधन सहित), काठमाडौः कानुन किताब व्यवस्था समिति, सिंहदरबार, काठमाण्डौं ।

*नेपालमा अपाङ्ग बालबालिकाहरुको अवस्था* (२००३), नेपाल अपाङ्ग मानव अधिकार केन्द्र, काठमाण्डौं ।

नेपाल सरकार (२०६९),शिक्षक सेवा आयोग नियमावली, २०५७ (संशोधन सहित), पैरवी प्रकाशन,  काठमाण्डौं ।

*राष्ट्रिय जनगणना, (२०६८)* प्रतिवेदन, काठमाडौंः केन्द्रिय तत्थ्याङ्क विभाग ।

नेपाल सरकार (२०६४), बाह्रौ *योजना* (२०६४-२०६७), काठमाण्डौंः राष्ट्रिय योजना आयोग ।

बृहत नेपाली शब्दकोष (२०६६), साझा प्रकाशन, काठमाण्डौ ।

पोखेल, विरेन्द्रराज (२०६९), *अपांङ्गता सम्बन्धि शैक्षिक नीति र समावेशी शिक्षा,* रुपान्तरण चौमासिक, वर्ष १७, अंक २, जेष्ठ २०७०, राष्ट्रिय अपाङ्ग महासंघ, भृकुटि मण्डप,काठमाडौं ।

बास्तोला, टिका (२०७०), नेपालमा अपाङ्ग बालबालिकाको शिक्षा, नेत्रहिन संघ काठमाण्डौ ।

राष्ट्रिय अपांग महासंघ(२०६८), *रुपान्तरणः* मासिक पत्रिका, वर्ष ३, अंक ३, भृकुटि मण्डप, काठमाण्डौं ।

राष्ट्रिय अपांग महासंघ(२०६५), *भएका व्यक्तिहरुको छाया संविधान सभाद्धारा पारितः* प्रतिबेदन, भृकुटि मण्डप, काठमाण्डौं ।

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय (२०६९), अपांगता स्रोत पुस्तिका, काठमाडौं ।

रुपन्देही जिल्लाको वस्तुगत विवरण, २०७३

जिल्ला विकास योजना, आ.व.२०७१/७२, जि.वि.स. रुपन्देही ।

रुपन्देही जिल्ला एक परिचय, २०७२ जि.वि.स. रुपन्देही ।

**अनुसूचि- १**
**अपाङ्गता भएका व्यक्तिका लागि राज्यले उपलब्ध गराएका सेवासुविधा**

नामः........................................ उमेर........ कक्षा...........
ठेगाना...........................विद्यालयको नाम...................................

लिङ्ग क) महिला ख)पुरुष
१) अपाङ्गताको प्रकारः
क) शारीरिक ख) दृष्टिसम्बन्धि ग) श्रवण सम्बन्धि घ) अन्य
२) अपाङ्गता भएका बालबालिकाहरुको लागि नेपाल सरकारले तय गरेका नीति नियमबारे जानकारी छ ?
क) जानकारी छ ख) जानकारी छैन
३) अपाङ्गता भएका व्यक्तिहरुलाई जीवन उपयोगी के हुन सक्छ ?
क) शिक्षा ख) तालिम ग) चेतनाको विकास घ) अन्य
४) अपाङ्गता भएका व्यक्तिहरुलाई सक्षम बनाउन के गर्नुपर्दछ ?
क) राम्रो शिक्षा दिनुपर्दछ ख) तालिम दिनुपर्दछ ग) अवसर दिनुपर्दछ ।
५) तलका कुन कुन ऐनको बारेमा जानकारी पाउनु भएको ?
क) अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ । ख) अपाङ्ग संरक्षण नियमावली
ग) अपाङ्ग संरक्षण सम्बन्धी राष्टिय नीति
६) अपाङ्गता भएका व्यक्तिलाई कस्तो शिक्षा बढि उपलब्धि मुलक होला ?
क) रोजगार मुलक ख) साधारण ग) व्यवसायिक
७) अपाङ्गता भएका व्यक्तिहरुलाई राज्यबाट प्रदान गरिएका सुविधाहरु के-के बारे थाहा छ ?
क) निःशुल्क शिक्षा ख) छात्रबृद्धि ग) पुरस्कार घ) शैक्षिक सामाग्री
८) तपाईले मासिक रुपमा कति भत्ता पाउनु हुन्छ ?
क) मासिक ६०० ख) मासिक २०००
९) तपाईले पाएको सामाजिक सुरक्षा भत्ताले के के गर्न पुग्छ ?
क) खान/लाउन ख) सामान्य खर्च गर्न
ग) शिक्षा हासिल गर्न घ) उपचार गर्न ङ) अन्य
१०)भत्ता पाउन थालेपछि परिवार गर्ने व्यवहारमा कुनै फरक महसुस गर्नु भएको छ ?
क) छ ख) छैन ग) थाहा छैन
११) तपाईले पाएको यत्ता भत्ता प्रयाप्त छ ?
क) छ ख) छैन
१२) भत्ता पाउनु अघिको जीवन यापन गर्ने तौरतरिका र भत्ता पाउन थालेपछिको जीवनयापनमा कुनै फरक महसुस गर्नुभएको छ ?
क) छ ख) छैन
यदि छ भने कस्तो खालको फरक .......................................
१३) तपाईलाई भन्न मन लागेका कुराहरु के ही छन् ?
................................................................................................

**अनुसूची- २**

गैरसरकारी  संस्थाका प्रतिनिधिका लागि तयार पारिएको अन्तर्वार्ता

१) अपाङ्गता भएका व्यक्तिहरुको लागि नेपाल राज्यले के-के व्यवस्थाहरु गरेको छ  ?

क) निःशुल्क शिक्षा    ख) मासिक भत्ता

ग) यातायातमा छुट    घ) स्वास्थ्यमा सहुलियत

२) अपाङ्गता भएकाहरुको लागि जिवन उपयोगी के हुन् सक्छ  ?

क) शिक्षा    ख) तालिम

ग) चेतनाको विकास    घ) अन्य

३) अपाङ्गता मैत्री पाठ्यसामग्री भन्नाने कुनलाई बुझ्नु हुन्छ ?

क) Audio    ख) Visual

ग) Brail    घ) Projector

४) अपाङ्गता भएका व्यक्तिहरुलाई सहज जीनव यापन गर्न के कुरा अवरोध देन्नुहुन्छ  ?

क) शैक्षिक नीतिमा सुधार    ख) कार्यान्वयन नहुनु

ग) भौतिक संरचना अनुकुल नहुनु    घ) चेतनाको कमि

५) CRPD बारे जानकारी छ ?

क) छ    ख) छैन

६) तपाईको भन्नु के ही छ ?

..........................................................................................

अनुसूची ३ :  मासिक रुपमा रु २००० पाउने पूर्ण अपांगता भएका व्यक्तिहरुको विवरण

/ 2000

रुद्रपुर गा.बि.स. को कार्यालय

रुद्रपुर गा. बि.स. पुर्ण अपागहरु आ.व.०७३।०७४

| क्र.सं. | परिचय पत्र नं. | परिचय पत्र नं. | ना.प्र.प.नं, जिल्ला/ जन्म दर्ता नं | परिचय पत्र वालाको नाम | लिंग | ठेगाना | जन्मतिथि | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | ८५७ | १४७९ | | लाल बहादुर थापा | पु | रुद्रपुर १ | २००४।१।१३ | |
| २ | २०८३ | १४८० | २४८ ज | सुरेन्द्र तिंजाली | पु | रुद्रपुर १ | २०५३।१२।८ | |
| ३ | २०८४ | १४८१ | ७८६४३ ह न्या | हरि बहादुर सुनार | पु | रुद्रपुर १ | २०५०।२।१० | |
| ४ | १८६९ | १४८२ | १३३ ज. | पूर्ण बहादुर राजकोटी | पुरुष | रुद्रपुर-१ | २०५५।९।१५ | |
| ५ | | १४८३ | २६७ ज | पदमा कुमारी कडेल | स्त्री | रुद्रपुर-१ | २०३३।१०।७ | |
| ६ | | १४८४ | ३०७१ रुपन्देही | नन्दकली नगरकोटी | स्त्री | रुद्रपुर-२ | २०५७।५।२५ | |
| ७ | | १४८५ | ५५४ ज | गोमा राना | स्त्री | रुद्रपुर-२ | २०५७।२।१० | |
| ८ | २०८५ | १४८६ | ५२९ | अश्विन भट्टराई | पु | रुद्रपुर २ | २०६८।११।२३ | |
| ९ | २०८६ | १४८७ | ५५२ | अनित भट्टराई | पु | रुद्रपुर २ | २०५९।६।३ | |
| १० | | १४८८ | ७८६४३ रुपन्देही | हरि बहादुर सुनार | पुरुष | रुद्रपुर-३ | २०६३।६।२१ | |
| ११ | ८५६ | १४८९ | | सविता उपाध्याय | स्त्री | रुद्रपुर ४ | २०४०।११।१० | |
| १२ | | १४९० | ५३ ज | असन्त नेपाली | पुरुष | रुद्रपुर ४ | २०५९।११।०७ | |
| १३ | २०८७ | १४९१ | २९२ | महिमा थारु | स्त्री | रुद्रपुर ५ | २०६२।८।२४ | |
| १४ | ८२९ | १४९२ | | दल बहादुर खड्कायोकी | पु | रुद्रपुर ६ | २०३८।६।२७ | |
| १५ | २०८८ | १४९३ | १४२०० रुपन्देही | गोपीराम रजाली | पु | रुद्रपुर ६ | २०५३।८।१३ | |
| १६ | | १४९४ | ६२१ ज | रोशनी थापा | स्त्री | रुद्रपुर-६ | २०५४।७।२२ | |
| १७ | ८५३ | १४९५ | | बिष्णु कुमारी सुवेदी | पु | रुद्रपुर ८ | २००८।५।१६ | |
| १८ | १७७७ | १४९६ | | मोहन शर्मा | पु | रुद्रपुर ८ | २०४१।१।२५ | |
| १९ | २०८९ | १४९७ | १२९५ रुपन्देही | कृष्ण प्रसाद शर्मा | पु | रुद्रपुर ८ | २०३४।२।१० | |
| २० | २०९० | १४९८ | १८३३ रुपन्देही | हरि क्षेत्री | पु | रुद्रपुर ८ | २०३४।११।१० | |
| २१ | | १४९९ | १३३ ज | पुजा वि.क. | स्त्री | रुद्रपुर-८ | २०६४।७।२२ | |
| २२ | ३७३ | १५०० | | पुजा अर्याल | स्त्री | रुद्रपुर-८ | २०५६।१२।१० | |
| २३ | | १५०१ | २४४ ज | बिपिना वि.क | स्त्री | रुद्रपुर-८ | २०६६।६।९ | |
| २४ | | १५०२ | १५२९ | नन्दकली शर्मा | स्त्री | रुद्रपुर-८ | २०२१६०९ | |
| २५ | १६९६ | १५०३ | | गौरा कुमारी शर्मा | पु | रुद्रपुर ९ | २०५०।१।१५ | |

अनुसूची ४ : मासिक रुपमा रु ६०० पाउने अपांगता भएका व्यक्तिहरुको विवरण

## रुद्रपूर गा. वि.स.को कार्यालय

आंशिक अपाङ्गता नामावली आ.व.०७३।७४

| क्र.सं. | परिचय पत्र नं. नया | ना.प्र.प.नं. जिल्ला/ जन्म दर्ता नं. | परिचय पत्र वालाको नाम | लिंग | ठेगाना | जन्ममिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | १५०४ | | पदम गाहा मगर | पु | रुद्रपुर १ | २०५१।८।२४ | |
| २ | १५०५ | | नन्दु गाहा मगर | पु | रुद्रपुर १ | २०५५।१।१७ | |
| ३ | १५०६ | | सन्जु पाण्डे | म. | रुद्रपुर १ | २०४८।१।१६ | |
| ४ | १५०७ | २५२ | बालकृष्ण राना | पु | रुद्रपुर १ | २०३१।४।१ | |
| ५ | १५०८ | १९३०७५।२७७ पाल्पा | मान कुमारी सुर्यवंशी | स्त्री | रुद्रपुर १ | २०३०।७।५ | |
| ६ | १५०९ | २६ पाल्पा | यम बहादुर सुर्यवंशी | पु | रुद्रपुर १ | २०२९।७।१० | |
| ७ | १५१० | २४५ ज | कृष्णा वि.क. | पुरुष | रुद्रपुर-१ | २०६४।१०४ | |
| ८ | १५११ | ०२५१९ रुपन्देही | सिता परीयार | स्त्री | रुद्रपुर-१ | २०५२।४।१ | |
| ९ | १५१२ | | तेज कुमारी काउचा | म. | रुद्रपुर २ | २०३०।२।२७ | |
| १० | १५१३ | ०२६६८ रुपन्देही | निर्मला पुन | म | रुद्रपुर २ | २०३०।५।२५ | |
| ११ | १५१४ | | खेमलाल पौडेल | पु | रुद्रपुर २ | २०६०।३।३० | |
| १२ | १५१५ | १९१ ज | संगिता बुढा मगर | स्त्री | रुद्रपुर-२ | २०५६।५।१२ | |
| १३ | १५१६ | ०५५७४ रुपन्देही | वेड प्रसाद सार्की | पुरुष | रुद्रपुर-२ | २०५२।२।२२ | |
| १४ | १५१७ | ४० रुपन्देही | पारस खँडेल | पु | रुद्रपुर ३ | २०५५।९।१५ | |
| १५ | १५१८ | ४०६६६ रुपन्देही | जाले रेग्मी | पु | रुद्रपुर ३ | २०३०।१।१५ | |
| १६ | १५१९ | | फुल कुमारी थारु | स्त्री | रुद्रपुर ३ | २०३९।५।१२ | |
| १७ | १५२० | | दिलमाया थापा | स्त्री | रुद्रपुर ३ | २०४६।४।२९ | |
| १८ | १५२१ | | आत्माराम पौडेल | पु | रुद्रपुर ४ | २०१८।७।१५ | |
| १९ | १५२२ | | युवराज शर्मा | पु | रुद्रपुर ४ | २०४५।५।६ | |
| २० | १५२३ | | केन्द्र बहादुर क्षेत्री | पु | रुद्रपुर ४ | २०५०।७।१९ | |
| २१ | १५२४ | ४२७ | खेमलाल पौडेल | पु | रुद्रपुर ४ | २०६०।३।३० | |
| २२ | १५२५ | २३३ बाग्लुङ | केवली गैरी | स्त्री | रुद्रपुर-४ | २०२८।२।१७ | |
| २३ | १५२६ | ०९१९८ रुपन्देही | रमेश पौडेल | पुरुष | रुद्रपुर-४ | २०५३।९।१० | |
| २४ | १५२७ | | आस बहादुर गुरुङ | पु | रुद्रपुर ५ | २०२०।५।१४ | |
| २५ | १५२८ | | कुल प्रसाद उपाध्याय | पु | रुद्रपुर ५ | २०३३।६।१ | |
| २६ | १५२९ | ७७ रुपन्देही | देवि राना | स्त्री | रुद्रपुर-५ | २०४०।९।५ | |
| २७ | १५३० | | शुसिलादेवी पुन | म. | रुद्रपुर ६ | २०५५।१।१४ | |
| २८ | १५३१ | २६१० रुपन्देही | यम बहादुर थापा | पु | रुद्रपुर ६ | २०४२।१२।५ | |
| २९ | १५३२ | ६०६८८ म्याग्दी | पूर्ण बहादुर कामी | पु | रुद्रपुर ६ | २०३२।१२।१८ | |
| ३० | १५३३ | ५५३ ज | मन्जल क्षेत्री | स्त्री | रुद्रपुर-६ | २०६१।४।२७ | |
| ३१ | १५३४ | २३४५ रुपन्देही | राजकुमारी राना | स्त्री | रुद्रपुर-७ | २०२२।१।१५ | |
| ३२ | १५३५ | | विमल पौडेल | पु | रुद्रपुर ८ | २०४४।७।१९ | |
| ३३ | १५३६ | | क बहादुर रोका | पु | रुद्रपुर ८ | २००९।१।१० | |
| ३४ | १५३७ | ४१६०२ रुपन्देही | निर्मल पौडेल | पु | रुद्रपुर ८ | २०४६।६।२७ | |
| ३५ | १५३८ | ६६७५४ रुपन्देही | गिता घिमिरे पौडेल | स्त्री | रुद्रपुर ८ | २०५०।२।२ | |
| ३६ | १५३९ | १२१५ बाग्लुङ | सडास्वती पौडार | स्त्री | रुद्रपुर ८ | २०३३।५।४ | |
| ३७ | १५४१ | ५९००८ रुपन्देही | सरोज राना | स्त्री | रुद्रपुर ९ | २०५१।१।५ | |
| ३८ | १५४२ | १८३८ रुपन्देही | लक्ष्मीदेवी शर्मा | स्त्री | रुद्रपुर ९ | २०४२।१।१० | |
| ३९ | १५४३ | | कौशिलादेवी पुन | म. | रुद्रपुर ९ | २०४२।७।१६ | |
| ४० | १५४४ | | सरस्वती सुवेदी | म. | रुद्रपुर ९ | २०४८।२।१० | |